# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०९/०१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नेत्र प्रसाद जोशी, ललित ताम्राकार, धिजराज रेग्मी, गणेश सिंह रावल, खडक बहादुर शाह, बम बहादुर बम, श्याम खत्री, पदमराज न्यौपाने, देवेन्द्र बहादुर कुँवर, प्रेम सिंह विश्वकर्मा, भरत बहादुर स्वाँर, बेदराज जोशी ढुङ्गाना, दयाराम सञ्याल, अम्मर बहादुर कडायत, पुर्ण बहादुर बोगटी, तारा प्रसाद सञ्याल जैशी, मदन बहादुर कुँवर, मान बहादुर | टिकापुर नगर विकास समितिको जग्गा नक्कली कागजातका आधारमा गैरकानूनी तवरले व्यक्ति विशेषको नाममा हक हस्तान्तरण गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी र फैसलाहरु**<br>• **टिकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष प्रतिवादी नेत्र प्रसाद जोशीको हकमाः**निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएकोले निज प्रतिवादीलाई उल्लिखित विगो रु.२,१२,४०९४४/- (अक्षरेपि दुई करोड बाह्र लाख चालीस हजार नौसय चौवालीस रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुनका साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना समेत गरी ऐ. ऐनको दफा २४ वमोजिम नगर विकास समितिको अध्यक्षको पदमा रही उक्त वारदातमा संलग्न रहेको देखिँदा निज उपर ऐ. दफा २४ वमोजिम थप सजाय समेतको मागदाबी रहेकोमा<br>**फैसलाः** विशेष अदालत काठमाण्डौबाट निज प्रतिवादी नेत्र प्रसाद जोशीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम १ बर्ष कैद ६ महिना कैद र विगोको दामासाहीले जनही रु.१३,०७,३००/४५ जरिबाना हुने ठहर्छ। साथै निज टिकापुर विकास समितिका अध्यक्ष रहेकाले निजलाई उक्त ऐनको दफा २४ बमोजिम ३ महिना थप कैद समेत हुने ठहऱ्याई फैसला भएको देखिन्छ।<br>• **टिकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष प्रतिवादी ललित ताम्राकार को हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएकोले निज प्रतिवादीलाई उल्लिखित विगो रु.५९,००३८०/- (अक्षरेपि उनन्साठ्ठी लाख तीनसय असी )कायम गरी भ्रष्टाचार निवारण | **फैसलाः**<br>प्रतिवादीहरुलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• टिकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष प्रतिवादी नेत्र प्रसाद जोशीले उपसिमितिले पेस गरेको प्रतिवेदन निर्णयका लागि समितिको बोर्ड समक्ष पेस गरेको देखिदैन। समितिका अध्यक्ष प्रतिवादी नेत्र प्रसाद जोशीको आफ्नै एकल निर्णयको आधारमा दाखिल खारेजका लागि सिफारिस गरेको देखिएको।<br>• यसै घडेरी प्रमाणित पत्रको चलानी नं. र चलानीको क्रमसङ्ग नमिलेको र रसिद नं र रसिद जारी मिति र रसिदको सिरियल नम्बरको क्रम संख्या समेत मिलेको नदेखिएको।<br>• राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, शाखा कार्यालय धनगढी, कैलालीले विवादित लिखतको वैज्ञानिक परीक्षण गर्दा २०५७ सालमा प्रयोग हुने घडेरी प्रमाणित पत्रमा भएका अंक र अक्षर (Print Mack, Font style, size and Shape) सत्र परीक्षण गर्दा मिलेको देखिदैन । यसै गरी २०५७ सालमा घडेरी प्रमाणित पत्रमा प्रयोग हुने कार्यालयको छापसङ्ग मिलेको नदेखिएको। विधि विज्ञान प्रयोगशालाबाट परीक्षण भएका अड्डाको छाप र अक्षरहरुको बनावट समेत विशेषण गरी दाबीको कि.नं. का जग्गाहरुको दाखिल खारेज नामसारी गर्ने व्यक्तिहरु अधिकांशले | • प्रस्तुत मुद्दामा अनुसन्धान गर्दा टीकापुर नगर विकास समितिको पत्र, नगर विकास समितिका निर्णय, जग्गाधनी दर्ता स्रेस्ताहरु, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला शाखा कार्यालय धनगढीको परीक्षण प्रतिवेदनसाथ संलग्न पत्र, शहरी विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौको पत्र, मालपोत कार्यालय टीकापुरबाट प्राप्त निर्णय मिसिलहरु समेतका Documentary Evidence एवं शंकितहरुको बयान समेतका प्रमाण कागजहरुलाई मुख्य आधार बनाई यि प्रतिवादीहरु विरुद्ध अभियोजन गरिएको देखिन्छ। प्रमाण ऐन २०३१ को दफा ३५ ले लिखत प्रमाण (Documentary Evidence) लाई मुद्दाको आधारभुत प्रमाणको रुपमा स्विकार गरेकोले सो प्रमाणहरुलाई अदालतले ग्रहणयोग्य (Admissible Evidence) प्रमाणको रुपमा लिई निर्णय गर्नु पर्ने हुन्छ।<br>• टीकापुर विकास समितिको तत्कालीन अवस्थालाई हेर्दा तत्कालिन श्री ५ को सरकारले मिति २०२८।०४।३१ को नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खड्ग बहादुर सिंहको अध्यक्षतामा टीकापुर विकास समिति गठन गरेको देखिन्छ। उक्त विकास समितिको तत्कालीन समयमा योजना नीति निर्धारण गर्ने, योजना कार्यान्वयन गर्ने गराउने, कार्यान्वयनमा रेखदेख गर्ने, आफ्नो काम कर्तव्य र अधिकारको पालन र प्रयोगको लागि श्री ५ को सरकारको पूर्व स्वीकृति लिई नियम बनाउने, योजनालाई तीन वर्षभित्र पुरा गर्ने, योजनालाई प्राप्त जग्गामा सुकुम्वासी, किसान परिवारलाई आवश्यक र उचित देखेको शर्त बन्देज राखी जग्गाको मोल तोकी जग्गा बिक्री वितरण गरी बसोबास गराउने, नदीनाला संरक्षण गर्ने, बाटो बनाउने, नगर बनाउने र समितिको तर्फबाट कृषि फार्म खोली यान्त्रिक खेती गर्ने, कृषि कार्यलाई ऋण वितरण गर्न चल अचल सम्पत्ति धितो बन्धकी राखी ऋण उपलब्ध गराउने समेतका काम कर्तव्य र अधिकार तोकिएको देखिन्छ। विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम २०२८ साल साउन ३१ गतेको राजपत्रमा प्रकाशित गरी खड्ग बहादुर सिंहको अध्यक्षतामा टीकापुर विकास समिति गठन भएको देखिन्छ साथै ऐ. ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी मिति २०२८।०५।२८ मा टीकापुर विकास समिति नियमावली, २०२८ जारी भएको समेत देखिन्छ ।उक्त टीकापुर विकास समिति नियमावली, २०२८ ले टीकापुर विकास समितिलाई भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ (ङ)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारबाट सेती अञ्चल अन्तरगत कैलाली जिल्लामा उत्तर टीकापुरको जंगल, पूर्व राजीपुर र सितापुर गाउँहरुको आवादी, दक्षिण सितापुर लकमी छकरकैला र बागमारा गाउँहरुको आवादी र पश्चिम कटानपुर गुलरिया मोतीनगर गाउँहरुको आवादी यति चार किल्लाभित्रको जग्गामध्ये १००० बिगाह टीकापुर विकास समितिबाट कृषि फार्मिङ्ग र नगर बसाउने कार्य गर्न, १००० बिगाह ४/४ बिगाहका दरले बिभिन्न परिवारहरुलाई वितरण गरी बसोबास गराउने र बाँकी १७३ बिगाह नदीनाला कुलोसमेत पर्ने भएकोले सोसमेत गरी जम्मा २१७३ बिगाह जग्गा उपरोक्त कामको निमित्त प्रयोगमा रहेसम्म टीकापुर विकास समितिको नाममा हदबन्दीमा छुट दिईएकोले यो आदेश जारी गरिएको छ भनी राजपत्रमा प्रकाशित भूमि सुधार मन्त्रालयको सूचनाबाट देखिन्छ। टीकापुर विकास समितिको ३ बर्षभित्र योजना सम्पन्न गर्ने भन्ने समयावधीलाई पटक-पटक ३ बर्ष, ६ बर्ष र ११ बर्ष गरी म्याद थप हुँदै योजना संचालन भैरहेकोमा मिति २०६३।१०।१०मा समितिको बोर्डले टीकापुर विकास समितिको जग्गा यकिन गर्ने उद्देश्यले गठन गरेको उपसमितिले पेश गरेको प्रतिवेदन अनुसार; पूर्वमा टीकापुर नगरपालिका वडा नं. ८ राजिपुर, पश्चिममा रामपुर कटानपुर, उत्तरमा दुर्गौली गा.बि.स. र दक्षिणमा बाघमारा छेकरखैला क्षेत्रको चारकिल्ला भित्रको करिब २१७३ विगाह जग्गा पछि थप १००० बिगाह जंगल क्षेत्रको जग्गासमेत थप गरी कूल ३१७३-०-० बिगाह क्षेत्रफलको जमिन प्राप्त भएको देखिन्छ।टीकापुर विकास समितिको गठन आदेशको आवास तथा भौतिक योजना मन्त्रालयको सूचनाबाट २०४८ चैत्र ४ मा प्रकाशित राजपत्रको दफा ३ मा समितिको जग्गाको हालको स्थिति खुलाई नापी गराई त्यसको तथ्य लगत मन्त्रालयमा पेश गर्ने भन्ने व्यवस्था अनुसार बि.सं. २०४९ सालमा नापी टोली टीकापुरको फिल्डबुक रेकर्ड बमोजिम टीकापुर विकास समितिको चौहद्दी भित्रको नाप |

| | | | | | |
|---|---|---|---|---|---|
| | चन्द, जय बहादुर विष्ट, कमल बहादुर धामी, अम्वादत्त जोशी, झप्पर सिंह विश्वकर्मा, बल बहादुर कडायत, देवीलाल घिमिरे, धनिराम भण्डारी, नेत्र बहादुर रावल, गणेश बहादुर बम, दशरथ मण्डल, ईन्द्र बहादुर कडायत, ऐश्वर्य रावल, कमला देवी बम, राज कुमारी मण्डल, कलशा कुँवर, कुलो बहादुर थारु, केशर बहादुर कुँवर, चन्द्रा कठायत, देवी कुँवर, गंग बहादुर बिष्ट, गंगा देवी | | ऐन, २०५९ को दफा ८ को उपदफा (१)वमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिमको कैद र जरिवाना समेत गरी ऐ. ऐनको दफा २४ वमोजिम नगर विकास समितिको अध्यक्षको पदमा रही उक्त वारदातमा संलग्न रहेको देखिँदा निजउपर सोही दफा २४ वमोजिम थप सजायसमेतको मागदाबी रहेकोमा<br>**फैसलाः** निज प्रतिवादीलाई आरोपित कसूरबाट सफाई पाउने ठहर गरि फैसला भएको देखिन्छ।<br>• **टिकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष प्रतिवादी धीजराज रेग्मीको हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएकोले निज प्रतिवादीलाई विगो रु. ६६,९८,८९२/- (अक्षरेपि छैसट्ठी लाख अन्ठानब्बे हजार आठसय बयानब्बे रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)वमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना समेत गरी ऐ. ऐनको दफा २४ वमोजिम नगर विकास समितिको अध्यक्षको पदमा रही उक्त वारदातमा संलग्न रहेको देखिँदा<br>**फैसलाः** निज उपर सोही दफा २४ वमोजिम थप सजाय समेतको मागदाबी रहेकोमा निज प्रतिवादीलाई विशेष अदालतवाट आरोपित कसूरबाट सफाई पाउने ठहर गरि फैसला भएको देखिन्छ।<br>• **टिकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष प्रतिवादी नेत्र प्रसाद जोशीको बोर्ड बैठकको निर्णय बमोजिम गठित उपसमिति संयोजक प्रतिवादीहरु गणेश सिंह रावल, खडक बहादुर शाह, बम बहादुर बम, श्याम खत्री, देवेन्द्र बहादुर कुँवर र पदमराज न्यौपानेका हकमाः** निज प्रतिवादीहरु गणेश सिंह रावल, खडक बहादुर शाह, बम बहादुर बम, श्याम खत्री, देवेन्द्र बहादुर कुँवर र पदमराज न्यौपानेले गरेको कार्य भ्रष्टाचार | नक्कली कागजात पेस गरी जग्गा दाखिल खारेज गरेको देखिएको।<br>• टीकापुर विकास समितिमा जग्गाको मूल्य जम्मा गरेको रकमको बैंक दाखिला विवरण टीकापुर विकास समिति/टीकापुर नगर विकास समितिको खाता नं. क्रमशः १०७०००७६९०१२ १०७००००३७०१ मा रसिदमा उल्लेखित व्यक्तिको नाम, रकम र रसिद जारी मितिमा सो रकम जम्मा गरेको अभिलेख नदेखिएको भनी नेपाल बैंक लिमिटेड, शाखा टीकापुरको मिति २०८०।३।१ गतेको १०७/८६/२३को पत्रसाथ प्राप्त भएको विवरणमा उल्लेख भएको देखिएको।<br>• मिति २०६५/०२/२० मा गठित नगर विकास समितिका अध्यक्ष प्रतिवादी नेत्रप्रसाद जोशी रहेको र सो समितिको गठन गरेको उपसमितिका संयोजकमा प्रतिवादी गणेश सिंह रावल सदस्यहरु प्रतिवादीहरु श्याम खत्री, बम बहादुर बम, देवेन्द्र बहादुर कुँवर, पदमराज न्यौपाने, खडग बहादुर शाहले बदनियतपूर्वक प्रमाण राखि आवेदन गर्ने प्रथम तहका खरिदकर्ता व्यक्तिको नाममा जग्गा दाखिल खारेज गर्न सिफारिस गरेको देखिएको।<br>• टिकापुर विकास समितिका सदस्य सचिव प्रतिवादी अम्बादत्त जोशी, योजना प्रमुख बलबहादुर कडायत, नापी अधिकृत प्रतिवादी मान बहादुर चन्द, मालपोत अधिकृत प्रतिवादी जयबहादुर विष्टको महत्वपूर्ण पदीय हैसियत रहेकोमा नापी तथा मालपोत कार्यालयका प्रमुखहरु र उक्त | नक्सा गरी उक्त फिल्डबुक रेकर्ड उतार गर्दा साविकको मनुवा-८ को, मनुवा-९ को क,ख,ग, दुर्गौली-८, मनिकापुर-५,८ मौरनिया-८, टीकापुर-६ को क,ख,ग र टीकापुर-९ को क,ख,ग,घ,ङ,च,छ,ज,झ,ञ,ट,ठ,ड,ढ,ण,त,थ,द,ध,न,प,फ,ब,भ र म समेतका जग्गाहरु गरी कूल २,२७,०३,४५० वर्गमिटर अर्थात ३३५२-४-१४ ज.बि. क्षेत्रफल जग्गाको फिल्डबुक तयार भई समितिको नाममा कागजात बनेको भन्ने देखिन्छ।<br>• यसरी टीकापुर विकास समितिलाई प्राप्त भएको जग्गा समितिले योजना बमोजिमको जग्गा बिक्री वितरण गर्दा जग्गाको मोल किस्ताबन्दीमा ४ बर्ष भित्र चुक्ता गर्नु पर्ने, जग्गामा समितिले दिएको निवेदन बमोजिम खेती गर्नु पर्ने, समितिको स्वीकृति नलिई जग्गा बेचबिखन, धितो बन्धक, दान दातब्य आदि कुनै किसिमले अरुलाई हस्तान्तरण गर्न नपाउने र समितिले आवश्यक देखेका अन्य शर्त समेत पालन गर्ने गरी शर्तहरु समेत टीकापुर विकास विकास समिति नियमावली, २०२८ को नियम ६ ले तोकेको देखिन्छ भने ऐ. नियमावलीको नियम ५ ले समितिले जग्गा बिक्री वितरण गर्दा जग्गा बिगाह १ को नगर बनाउने ठाउँको जग्गाको हकमा श्री ५ को सरकारले तोके बमोजिम मुख्य र अन्य ठाउँको जग्गाको हकमा १००० रुपैंयाको दरले मूल्य कायम गरी बिक्री वितरण गर्ने भनी जग्गाको मूल्य निर्धारण भएको देखिन्छ।प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा प्राप्त कागजात तथा टीकापुर नगर विकास समितिको च.नं. ८६ मिति २०७९।१०।२६ को पत्रबाट प्राप्त विवरण, टीकापुर नगर विकास समितिका विभिन्न समयमा प्राप्त निर्णय माईन्यूट अध्ययन गर्दा टीकापुर विकास समितिलाई प्राप्त कूल ३१७३-०-० बिगाह क्षेत्रफल जग्गा मध्येबाट बसोबास क्षेत्रमा कूल १७३४-७-० बिगाह व्यक्ति विशेष, सरकारी कार्यालय, शैक्षिक संस्था लगायतको नाममा हक हस्तान्तरण समेत भईसकेको देखिन्छ। ९१४-०-० बिगाह राजिपुर वृक्षारोपण क्षेत्र, कमैयाबाट अतिक्रमित क्षेत्र, बंगलापार्क तर्फको क्षेत्र, जमरा बेल्ट नर्सरी क्षेत्र, प्राकृतिक जंगल (टीकापुर बहुमुखी क्याम्पसलाई दिएको जग्गा समेत) समेतमा रहेको देखिन्छ। ३९३-०-० बिगाह जग्गा बाटो, कुलो नदीनाला संरक्षणमा भनी छुट्याईएको देखिन्छ भने हाल १३२-४-१५ बिगाह टीकापुर नगर विकास समितिकै नाममा यथावत रही कूल ३१७३-११-१५ बिगाह जग्गा साविक टीकापुर विकास समिति हाल टीकापुर नगर विकास समितिले प्राप्त गरी संस्था, व्यक्ति विशेष तथा विभिन्न क्षेत्रको स्वामित्व तथा भोग गरिरहेको मिशिल संलग्न प्रमाण कागजातहरुबाट देखिन्छ।<br>• टीकापुर नगर विकास समितिको अध्यक्ष प्रतिवादी नेत्र प्रसाद जोशीको हकमा हेर्दा निज नगर विकास समितिको जग्गा नगर विकास ऐन, २०४५ ले निर्देशिष्ट गरे बमोजिम जग्गा ब्यवस्थापन गर्ने तथा नगर विकासको कार्य संचालन गर्ने गरी भनी भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६५।०९।१८ को मा. मन्त्री स्तरीय निर्णय अनुसार निज प्रतिवादी नेत्र प्रसाद जोशीको अध्यक्षतामा टीकापुर नगर विकास समिति गठन भए पश्चात निज नेत्र प्रसाद जोशीले गणेश सिंह रावल संयोजक, खडक शाह सदस्य, बम बहादुर बम सदस्य, श्याम खत्री सदस्य, देवेन्द्र कुँवर सदस्य, पदम राज न्यौपाने सदस्य भएको उपसमिति गठन गरेको तथ्य भौतिक योजना तथा निर्माण मन्त्रालयको च.नं.१०९, मिति २०६५।०९।२५ को पत्रद्वारा देखिन्छ। यसरी गठित टीकापुर नगर विकास समितिका अध्यक्ष नेत्र प्रसाद जोशीको मिति २०६६।०८।०४ गतेको समितिको बैठकको निर्णय नं.१ मा व्यक्ति विशेषको नाममा जग्गा वितरण गर्ने सिलसिलामा "लालपुर्जा वितरण गर्ने सम्बन्धमा प्राप्त निवेदनहरुको लिष्ट तयार गरी एक/एक प्रति सदस्यज्यूहरुलाई अध्ययनको लागि वितरण गर्ने दा.खा. का लागि प्राप्त निवेदनहरु समितिको बैठकमा निर्णय गराई नापी टोलीले तयार गरेको जग्गाधनी पुर्जा र स्रेस्ता नापी कार्यालयका प्रमुखबाट चेकजाँच गरी मालपोत कार्यालयका प्रमुखबाट प्रमाणित गर्ने एवम् मालपोत कार्यालयका कार्यालय प्रमुख र नापी कार्यालयका प्रमुख ज्यूलाई चेकजाँच र प्रमाणित गराउदा लाग्ने समय दिनको बैठक भत्ता बराबर उपलब्ध गराउने" भनी शुल्क समेत निर्धारण गरी पुर्जा वितरणको लागि निर्णय गरेको देखिन्छ।त्यस्तै गरी टीकापुर विकास समितिको मिति २०६६।१०।२१ गतेको तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा बसेको समितिको बैठकको निर्णय नं. १ मा "दा.खा. प्रकृया सम्बन्धमा छलफल हुँदा टेण्डर प्रकृयाबाट बिक्रि भएका प्लटहरुको हकमा नियमानुसार दा.खा. गरिदिने सर्वसम्मत निर्णय गरियो" भनी निर्णय गरेको र सोही मितिको निर्णय नं. २ मा "तोकादेशबाट बिगतमा वितरण भएका दा.खा. नभैसकेका ५२ प्लटहरुलाई सम्बन्धित व्यक्तिको नाउमा दा.खा. गरिदिने वा रकम फिर्ता गर्ने भन्ने सम्बन्धमा विभागबाट निर्देशन माग गर्ने निर्णय गरियो" भनी तत्कालीन टिकापुर विकास |

| | | | | | |
|---|---|---|---|---|---|
| | खड्का, गिरी रावल, महानन्द जोशी, देवसरा भण्डारी, सुला रावल, गोपाल सिंह रावल, चन्द्रा न्यौपाने, उदयराम अधिकारी, जलु कुमारी टमट्टा, आरती रावल, तारा प्रसाद धमला, देबु रावल, धौली देवी देवकोटा, नित्यानन्द जैशी, पदम राज कठायत, प्रेम बहादुर स्वाँर, मञ्जु देवी रावल, महानन्द अर्जेल अर्याल, राजु आचार्य, रामप्यारी रावल, रुकविणा देवी शाह, शिव प्रसाद न्यौपाने, सरिता जैसी, राम बहादुर | | निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएकोले निज प्रतिवादीहरुलाई बिगो रु.१,६५,६८,१४९/- (अक्षरेपि एक करोड पैसट्ठी लाख अठसट्ठी हजार एक सय उन्पचास रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम कैद तथा बिगो बमोजिम जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिमको कैद र जरिवाना समेतको मागदाबी लिईएकोमा<br>**फैसलाः** विशेष अदालतवाट निज प्रतिवादी गणेश सिंह रावललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम १ बर्ष कैद ६ महिना कैद र बिगोको दामासाहीले जनही रु.१३,०७,३००/४५ जरिबाना हुने ठहर गरि फैसला भएको देखिन्छ भने प्रतिवादीहरु खडक बहादुर शाह, बम बहादुर बम, श्याम खत्री, देवेन्द्र बहादुर कुँवर र पदमराज न्यौपानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम ३ महिना कैद र बिगोको दामासाहीले जनही रु.१३,०७,३००/४५ जरिबाना हुने ठहर गरि फैसला भएको देखिन्छ।<br>• **टिकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष प्रतिवादी ललित ताम्राकारको बोर्ड बैठकको निर्णय बमोजिम गठित उपसमिति संयोजक प्रतिवादी प्रेम सिंह बि.क., सदस्यहरु प्रतिवादीहरु श्याम खत्री, भरत स्वाँर, बेदराज जोशी ढुङ्गाना र दयाराम सञ्ज्याल, पुर्ण बहादुर बोगटी, अमर बहादुर कडायत, मदन कुँवर र तारा प्रसाद सञ्ज्याल जैशीका हकमाः** निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएकोले निज प्रतिवादीहरुलाई उल्लिखित बिगो रु.५९,००,३८०/-(अक्षेरेपि उनन्साठ्ठी लाख तीनसय असी रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम कैद तथा बिगो बमोजिम जरिवाना गरी | बिकास समितिका जिम्मेवार सदस्यसचिव कर्मचारीबाट यसअघि प्लट रजिष्टरमा अभिलिखित व्यक्तिहरु नै पछिल्लो सूचना अनुसार दाखिल खारेज गर्ने प्रयोजनका लागि सप्रमाण निवेदन गर्न आएका हुन् वा होइनन् भन्ने तर्फ चेकजाँच गर्नु पर्ने दायित्व निजहरुमा रहेको देखिएकोमा तर सो नगरी बदनियत राखी कृत्रिम प्रमाण पेस गरेका व्यक्तिहरूको नाममा जग्गा दाखिल खारेज गर्न/गराउन भूमिका निर्वाह गरेको देखिएको।<br>• व्यवस्थित वसोवास बसाउने, खासगरी न्यून आय भएका वाञ्चित समूहलाई प्राथमिकतामा राखी सुपथ मूल्यमा घडेरी उपलब्ध गराउने उद्देश्यले २०२८ सालदेखि दीर्घकालीन सोचका साथ सरकारले कार्यान्वयनमा ल्याएको उपर्युक्त आयोजनाको मूल मर्म विपरित स्वयं विकास समितिका जिम्मेवार पदाधिकारीहरु समेतको बदनियत र मिलेमतोबाट आफ्नो तोकिएको कर्तव्य र दायित्व भन्दा पर गएर लक्षित वर्ग समूह र पूर्व आवेदक भन्दा भिन्न आफ्ना नजिकका मानिसहरुलाई विकास समितिको जग्गा वितरण गरेको मिसिल संलग्न प्रमाणहरुवाट पुष्टि हुन आएकोले कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ज), दफा २२ र दफा २४. समेत बमोजिमको कसुर देखिएको।<br>• प्रतिवादीहरु केशर बहादुर कुँवर र राजु आचार्य ले अनुसन्धानको क्रममा बयान गर्दा कसूरमा ईन्कार रहेको देखिएको, निजहरुको हस्ताक्षरसमेत जाँच भएको नदेखिँदा निजहरुको नाउँमा गएको कि.नं. ५२९८ तथा | समितिका अध्यक्षहरु फकिर सिंह कडायत लगायतका अध्यक्षहरुको कार्यकालमा अध्यक्ष लगायतका तोकादेशबाट व्यक्ति विशेषका नाममा जग्गा दिन रकम बुझी सकेका तर सो समयमा विवादको कारण दा.खा. नभएका जग्गाहरुको सम्बन्धमा विभागबाट निर्देशन माग गरी निर्देशनानुसार गर्ने निर्णय भएको देखिन्छ। सोही मितिको निर्णय नं. ४ मा " टेण्डर प्रकृयाबाट बाहेक अन्य प्रकृयाबाट अस्थायी निस्सा पाएका व्यक्तिहरुको सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो" भनी बोर्डको निर्णयमा उक्त विषय समेत घुसाई निज अध्यक्ष नेत्र प्रसाद जोशीकै अध्यक्षतामा मिति २०६६।१२।१६ गतेको समितिको बैठकको निर्णय नं. ३ मा अघिल्लो बैठकको निर्णय बमोजिम "पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा.गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपसिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउन रायसहित टीकापुर नगर विकास समितिका अध्यक्षज्यू समक्ष पेश गर्ने निर्णय गरियो" भनी बोर्ड समिति सदस्य गणेश सिंह रावल संयोजक, खडक बहादुर शाह, बम बहादुर बम, श्याम खत्री, देवेन्द्र बहादुर कुँवर, नवराज पौडेल पदमराज न्यौपाने सदस्य भएको सहितको ७ सदस्यीय उपसमिति गठन गरेको देखिन्छ । उपसमितिका संयोजक गणेश सिंह रावलको संयोजकत्वमा गठित उपसमितिको मिति २०६६।१२।२७ गतेको उपसमितिको बैठकको निर्णय नं. १ मा "तत्कालीन टीकापुर नगर विकास समितिबाट घडेरी प्राप्त गर्ने सम्बन्धमा बि.सं. २०५७।१२।२९ भन्दा अगाडी दा.खा.बाँकी रहेका घडेरीहरुको सम्बन्धमा निम्न लिखित प्रमाणहरु पुर्याएमा दा.खा. प्रकृया अगाडि बढाउन अध्यक्षज्यूलाई सिफारिस गर्ने निर्णय गरियो" भनी टीकापुर विकास समितिबाट घडेरी प्रमाणित गरेको सक्कल प्रमाण पेश गरेको हुनुपर्ने, उक्त प्लटको रकम चुक्ता गरेको रसिद तथा बैंक भौचर हुनुपर्ने, नेपाली नागरिकताको प्रतिलिपि, स्वाभाविक रुपमा घडेरीको लागि प्लानिङ्ग गरेको नक्सा बमोजिम हुनुपर्ने, तत्कालीन टीकापुर विकास समितिबाट प्राप्त अन्य प्रमाणित कागजात भए सोसमेत पेश गरेको हुनुपर्ने भनी निर्णय भई सोही उपसमितिको मिति २०६७।०१।१४ गतेको प्रस्ताव एवम् निर्णय नं. १ मा "पुराना दा.खा. हुन बाँकी रहेका घडेरी प्लटहरुको सम्बन्धमा मिति २०६७।०१।१३ सम्म उपसमितिलाई प्राप्त निवेदनहरुको सम्बन्धमा फाईल अध्ययन गर्दा तपशिल बमोजिमका फाईलहरुलाई दा.खा.को सिफारिसको लागि अनुमोदन गर्ने निर्णय गरियो" भनी अव्दुल अलि कुरैनी सहितका ३५ जनाको, नाममा पुरानो टीकापुर विकास समितिमा रकम बुझाई दा.खा. हुन बाँकी रहेका भनी आरोप पत्रको तालिका नं १ मा उल्लेखित व्यक्तिहरुको नाममा टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा मध्येका प्लट घडेरीहरु दा.खा. को लागि सिफारिस गरेको देखिन्छ।<br>• यसै गरि मिति २०६७।०२।१० गतेको सोही गणेश सिंह रावलको संयोजकत्वको उपसमितिको बैठकको निर्णय नं. २ मा "दा.खा. हुन बाँकी रहेका घडेरी प्लटका सम्बन्धमा यस समितिलाई मिति २०६७।०१।०९ गते सम्म प्राप्त निवेदनका आधारमा फाईल अध्ययन गर्दा तपसिल बमोजिमका व्यक्तिहरुका नाममा दा.खा.गर्न मनासिव देखिएकोले सोका लागि टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो" भनी प्रेम प्रसाद कठायत जैशी सहितका आरोप पत्रको तालिका नं २ मा उल्लेखित ८२ जनाको नाममा जग्गा दा.खा. को लागि सिफारिस गरेको देखिन्छ । सोही उपसमितिको मिति २०६७।०४।०६ को बैठकको निर्णय नं. (क) मा "दा.खा. प्रकृया सम्बन्धमा तत्कालीन टीकापुर विकास समितिबाट विभिन्न मितिमा रकम चुक्ता गरी घडेरी प्रमाणहरु बुझी लिई सकेका र केही व्यक्तिहरुका अधुरो रकम भुक्तानी गर्न बाँकी रहेका व्यक्तिहरुको रकम असुलउपर गरी तपसिलका व्यक्तिहरुको दा.खा. प्रकृया अगाडी बढाउन उपयुक्त देखिएकोले श्रीमान अध्यक्ष ज्यू समक्ष सिफारिस गर्ने निर्णय गरियो" भनी कलंगवा थारु सहितका रोप पत्रको तालिका ननं ३ मा उल्लेखित ४२ जनाको नाममा समितिको जग्गा दा.खा. गर्न नगर विकास समितिका अध्यक्ष समक्ष सिफारिस गर्ने निर्णय गरेकोमा ३ जना (लक्ष्मी कुँवर विष्ट, अरुणा के.सी. र गंगादेवी खड्का) को नाम अघिल्लो प्रतिवेदन नं. १ र २ मा नै सिफारिस भएको देखिएको र उक्त प्रतिवेदनमा कूल ३९ जनाको नाम सिफारिस भएको देखिन्छ। यसरी तत्कालीन टीकापुर नगर विकास समितिको निर्णय बमोजिम गठित गणेश सिंह रावलको संयोजकत्वको उपसमितिले फरक-फरक ३ वटा प्रतिवेदनमा उल्लेख गरी माथि तालिका नं. १,२,र ३ मा उल्लिखित १५९ जनाको जग्गा दा.खा. गर्न सिफारिस भएकोमा उक्त प्रतिवेदनहरुमा ३ जनाको नाम दोहोरो पर्न गई (प्रतिवेदन १ र २ मा उल्लेख भै सकेका प्रतिवेदन ३ मा पुनः सोही नाम समेत उल्लेख गरी सिफारिस भएका बाहेक) उक्त दोहोरो नाम पर्न गएका |

| | | | | | |
|---|---|---|---|---|---|
| | आले मगर, वर्षा देवी निरौला, दिलिप कुमार हमाल, रमेश रावल, गौरी देवी शाही, बिर्ख बहादुर रावल, सत्य देवी स्वाँर, जयश्री देवी विष्ट, अशोक परिहार, लक्ष्मी शाह रोकाया, धनादेवी बन, जनक लाल न्यौपाने, लाल बहादुर रावल, गिता देवी रावल, बिमला देवी तिमिल्सैना, उर्मिला देवी खड्का, मोहनलाल जैशी, जगत बहादुर बि.क., पुर्ण बहादुर कुँवर, गंगा देवी ठकुल्ला, ईशरा देवी रावल, रुप | | उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको ११ बमोजिम कैद र जरिवाना समेतको मागदाबी लिईएकोमा<br>**फैसलाः** विशेष अदालतवाट प्रतिवादीहरु प्रेम सिंह बि.क., भरत स्वाँर, बेदराज जोशी ढुङ्गाना, दयाराम सञ्याल, पुर्ण बहादुर बोगटी, अमर बहादुर कडायत, मदन कुँवर र तारा प्रसाद सञ्याल जैशीले आरोपित कसूरबाट सफाई पाउने ठहर हुने गरी र उपसमितिका सदस्य श्याम खत्रीको हकमा संयोजक गणेश सिंह रावल रहेको उपसमितिको सिफारिशकर्ताको रुपमा कसुरदार ठहर भए तापनि यस समिति अन्तर्गतको उपसमितिको काम र कारवाहीको हदसम्म दोषी देखिन आएन भनी फैसला भएको देखिन्छ।<br>• **टिकापुर विकास समितिका तत्कालीन योजना प्रमुख प्रतिवादी बल बहादुर कडायतको हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएको हुँदा निज प्रतिवादीलाई विगो रु. २,११,५७,१७८/- (अक्षरेपि दुई करोड एघार लाख सन्ताउन्न हजार एक सय अठहत्तर रुपैया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)वमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना समेतको मागदाबी लिईएकोमा<br>**फैसलाः** विशेष अदालतवाट निज प्रतिवादी बल बहादुर कडायतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम ३ महिना कैद र बिगोको दामासाहीले जनही रु.१३,०७,३००/४५ जरिबाना हुने ठहऱ्याई फैसला भएको देखिन्छ।<br>• **टिकापुर विकास समितिका तत्कालीन योजना प्रमुख प्रतिवादी झप्पर सिंह विश्वकर्माको हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएको हुँदा निज प्रतिवादीलाई | ५४०४ का जग्गा जफत हुने भए तापनि कसुरजन्य कार्यमा सहभागी भएको देखिने प्रमाणको अभावमा आरोपित कसुरबाट सफाई पाउने।<br>• प्रतिवादीहरु ललित ताम्राकार, धिजराज रेग्मी, प्रेम सिंह वि.क., भरत स्वार, वेदराज जोशी ढुंगाना, दयाराम संज्याल, पूर्ण बहादुर बोगटी, अमर बहादुर कडायत, मदन कुँवर र ताराप्रसाद सज्याल, झसर सिंह विश्वकर्मा, गणेश बहादुर बम, धनीयम भण्डारी, नेत्र बहादुर रावल र देवीलाल घिमिरेले आरोपित कसुर गरेको तथ्य प्रमाणित हुने बस्तुनिष्ठ प्रमाण नदेखिदा निजहरुले आरोपित कसूरबाट सफाई पाउने।<br>• जग्गा दाखिल खारेज नामसारीको लागि निवेदन दिई प्रथम तहमा रहेर दाखिल खारेज नामसारी गरेको माथि उल्लेख भएका प्रतिवादीहरु बाहेक अन्य प्रतिवादीहरुको हकमा हेर्दा निजहरुले जग्गा दाखिल खारेज गर्नका लागि उक्त समितिमा पेस गरेका लिखत कागजहरु अनुसन्धानको क्रममा राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्दा घडेरी प्रमाणित पत्र र घडेरी प्लटको असुली पुर्जाको अंक, अक्षर रकम बुझ्नेको सही, योजना प्रमुखको हस्ताक्षर नमूनाका रुपमा रहेका लिखतहरुसंग मिल्दो जुल्दो भएको रहेको,सो घडेरी प्रमाणित पत्र र असुली पुर्जाको अंक, अक्षर, रकम बुझ्नेको सही र योजना प्रमुखको हस्ताक्षरसमेत परीक्षण गर्दा नमूनाका लागि पेस भएको लिखत कागजहरुसङ्ग मेल खानु भनेको सो लिखतहरु सद्दे भएको देखिदा निजहरुबाट भ्रष्टाचारजन्य कसुर | घटाई बाँकी जम्मा १५६ जनाको नाममा जग्गा दा.खा.को लागि सिफारिस भई तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीले उक्त सिफारिस अनुसार सो सिफारिसलाई बोर्ड बैठकबाट अनुमोदन समेत नगराई सोझै दा.खा. गरिदिने भनी व्यक्तिले पेश गरेको निवेदन तथा दा.खा. निवेदन फारममा तोकादेश गरी व्यक्ति विशेषको नाममा दा.खा. गरे पश्चात् समितिमा विवाद उत्पन्न भई तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६७।१२।०२ गतेको पत्रादेश बमोजिम नगर विकास समितिको प्रशासनिक बाहेकको अन्य कामकाज मन्त्रालयको अर्को आदेश नहुँदासम्म रोक्का राखे भन्ने पत्र प्राप्त भएको नगर विकास समितिबाट प्राप्त पत्रबाट देखिन्छ।नगर विकास समितिको प्रशासनिक बाहेकको अन्य कामकारबाही नगर्ने भनी रोक्का रहेकै अवस्थामा नगर विकास ऐन, २०४५ ले निर्दिष्ट गरे बमोजिम भनी भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६७।१२।१८ को मा. मन्त्रीस्तरीय निर्णय अनुसार टीकापुर नगर विकास समितिको अध्यक्षमा ललित ताम्राकार तथा निजको अध्यक्षतामा ५ सदस्यीय समिति मनोनयन गरेको भौतिक योजना तथा निर्माण मन्त्रालयको च.नं. २९० मिति २०६७।१२।२० को पत्रद्वारा देखिन्छ।<br>• टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा मिति २०६८।०१।१२ गते बसेको समितिको बोर्ड बैठकले अघिल्लो समितिको पालामा रोक्का रहेका कामकाजहरु फुकुवाको लागि पत्राचार गर्ने तथा "टीकापुर नगर विकास समितिको जग्गा दा.खा. अनियमितता भएको भन्ने सन्दर्भमा विभिन्न पत्र पत्रिकामा प्रकाशित भै सकेको भन्ने सन्दर्भमा सोको अध्ययन गरी आवश्यक ठहरिएमा मन्त्रालयसँग छानविनको माग गर्ने निर्णय गरियो" भनी नेत्र प्रसाद जोशीको अध्यक्षताको नगर विकास समितिको निर्णयले गठित गणेश सिंह रावलको संयोजकत्वको उपसमितिका दा.खा. सम्बन्धित सिफारिसहरुको छानविनको लागि समेत अनुरोध गरेको देखिन्छ। टीकापुर नगर विकास समितिका अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा मिति २०६८।०२।०४ गते बसेको समितिको बैठकको निर्णय नं. १० बमोजिम "तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएका व्यक्तिहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिस मा दा.खा.प्रकृया अगाडी बढाउने निर्णय गरियो" भनी तत्कालीन समितिका बोर्ड सदस्य प्रेम सिंह बि.क.को संयोजकत्वमा सर्वदलीय पार्टी प्रतिनिधिहरु रोध बहादुर भण्डारी, श्याम खत्री, भरत बहादुर स्वाँर, बेदराज ढुङ्गाना, दयाराम सञ्याल, पुर्ण बहादुर बोगटी, कृष्ण बहादुर शाह, यम नारायण पोखरेल, अमर बहादुर कडायत सदस्य रहेको १० सदस्यीय उपसमिति गठन गरेको र पछि सो उपसमितिमा तारा प्रसाद संज्याल र मदन बहादुर कुँवर समेतलाई उपसमिति सदस्यको रुपमा थप गर्ने निर्णय भई निजहरु समेतको उपस्थितिमा उक्त उपसमितिको मिति २०६८।१०।२९ मा बसेको उपसमितिको बैठकको निर्णय नं. १ मा "प्रकृया पुगेका फाईलहरु दा.खा. सम्बन्धमा छलफल गर्दा तत्कालीन टीकापुर विकास समितिबाट टेण्डर प्रकृया, गोलाप्रथा र तोकादेश मा बिक्रिवितरण गरिएका घडेरी प्लटहरुको व्यक्तिले मूल्य, राजश्व बुझाई सकेका, समितिले आफ्नो मूल्य र राजश्व असुल गरिसकेका देखिन आएका तल उल्लिखित निम्नानुसार फाईलहरु दा.खा. उपसमितिले समेत अध्ययन गरी दा.खा. गर्न उपयुक्त ठानेका हुँदा दा.खा. प्रकृया अगाडी बढाउन यस समितिका अध्यक्षज्यू समक्ष अनुरोध गर्ने निर्णय सहित फाईलहरु सिफारिस गर्ने निर्णय गरियो" भनी अघिल्लो गणेश सिंह रावलको उपसमितिमा परेका ७ जना जग्गाधनीहरुको नामावलीहरुसमेत दोहोऱ्याई कौशिला देवी बुढा समेतका ७१ जनाको फाईलहरु दा.खा.को लागि सिफारिस भएकोमा अघिल्लो गणेश सिंह रावलको संयोजकत्वमा गठित उपसमितिले सिफारिस गरेका प्रतिवेदनहरुमासमेत नाम उल्लेख भएका ७ जना (सकुन्तला शाही, लक्ष्मी कुँवर, मणिराज शाही, झंकरी साउद, बल बहादुर रावल, पार्वती देवी भण्डारी, कलंगवा थारु) नाम दोहोरो सिफारिसमा देखिएको र उक्त प्रेम सिंह बिश्वकर्माको उपसमितिले बाँकी थप ६४ जनाको नाममा समितिको जग्गा दा.खा.को लागि पेश भएको देखिन्छ ।टीकापुर नगर विकास समितिका अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा बसेको मिति २०६८।१०।२५ को बैठकको निर्णय बमोजिम प्रेम सिंह वि.क.को संयोजकत्वमा गठित आरोप पत्रको तालिका नं ४ मा उल्लेखित उपसमितिले दा.खा.कोलागि सिफारिस गरेको देखिन्छ।<br>• नगर विकास ऐन, २०४५ ले निर्दिष्ट गरे बमोजिम भनी भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०७०।०१।२५ को मा. मन्त्री स्तरीय निर्णय अनुसार टीकापुर नगर विकास समितिको अध्यक्षमा धिजराज रेग्मी तथा निजको अध्यक्षतामा ५ सदस्यीय समिति मनोनयन गरेको भौतिक योजना तथा निर्माण मन्त्रालयको च.नं. २०६४ मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | दमाई, रंगी विष्ट, मदन शाह, स्वेता भण्डारी जैशी, भद्र बहादुर ठकुल्ला, गोविन्द न्यौपाने, राजेश्वरी देवी कुँवर, जगत टमटा, कमला देवी न्यौपाने, जलधरा कुमारी विष्ट, बिबेक साउद, भक्त बहादुर थापा, मोती बहादुर बुढा, रेखा ठकुल्ला, लाल सिंह दमाई, सुर्जी देवी साउद, पार्वती जैसी, देवसरा जैशी, खगेन्द्र प्रसाद उपाध्याय, भजन भण्डारी, डम्मर देवी रावल, सुशिला शाह चन्द, वैष्णवी साउद, | | बिगो रु.१४,१९,६२७/- (अक्षेरुपि चौधलाख उन्नाईस हजार छ सय सत्ताईस रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)वमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना समेतको मागदाबी लिईएकोमा<br>**फैसलाः** विशेष अदालतवाट निजले आरोप दावीबाट सफाई पाउने ठहऱ्याई फैसला भएको देखिन्छ।<br>• **टिकापुर नगर विकास समितिका तत्कालीन सदस्य सचिव प्रतिवादी अम्वादत्त जोशीको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको हुँदा निज प्रतिवादीलाई उल्लिखित विगो रु. २,३०,६१,८१६/- (अक्षेरुपि दुई करोड तीस लाख एकसाठ्ठी हजार आठसय सोह्र रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)वमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना समेतको मागदाबी लिईएकोमा<br>**फैसलाः** विशेष अदालतवाट निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम ३ महिना कैद र बिगोको दामासाहीले जनही रु.१३,०७,३००/४५ जरिबाना हुने ठहर गरि फैसला भएको देखिन्छ।<br>• **नापी कार्यालय टिकापुर का तत्कालीन नापी अधिकृत प्रतिवादी मान बहादुर चन्दको हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएको हुँदा निज प्रतिवादीलाई विगो रु.१,९०,३२,१३६/- (अक्षेरुपि एक करोड नब्बेलाख बत्तीसहजार एकसय छत्तीस रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम कैद तथा बिगो बमोजिम जरिवाना गरी उक्त बिगो असुल | भएको भन्न नमिलेको। | २०७०।०१।२६ को पत्रद्वारा देखिन्छ। टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष धीजराज रेग्मीको अध्यक्षतामा बसेको मिति २०७०।०५।१२ गतेको समितिको बैठकको निर्णय नं. १४ मा "विगतका समितिबाट दा.खा. कार्य गर्ने भनी विभिन्न मितिमा भएका निर्णय बमोजिमका तपशिलका व्यक्तिहरुको नाममा जग्गाधनी स्रेस्ता पुर्जा उपलब्ध गराउने निर्णय गरियो" भनी अघिल्लो गणेश सिंह रावलको उपसमिति र प्रेम सिंह बिश्वकर्माको उपसमितिले सिफारिस गरी दा.खा. तोकादेशसमेत भईसकेका तर दा.खा. हुन बाँकी रहेका टेक बहादुर साउद र अन्य थप नामावली सहितका ५२ जना व्यक्तिहरुलाई जग्गाधनी दर्ता स्रेस्ता एवम् पुर्जा उपलब्ध गराउने निर्णय भएको देखिएको जस्मध्ये ५० जना व्यक्तिहरुको अघिल्लो गणेश सिंह रावल र प्रेम सिंह बिश्वकर्माको उपसमितिहरुले सिफारिस गरेका र थप २ जना जग्गाधनीहरु भनिएका (तिर्थ देवी रावल र राम बहादुर आले मगरको नाम समेत) थपगरी जम्मा ५२ जनाको नामावली दा.खा.को लागि बोर्डबाट निर्णय गरेको देखिन्छ।<br>• यसरी टीकापुर नगर विकास समितिको जग्गा व्यक्ति बिशेषको नाममा दा.खा./वितरण गर्दा नगर विकास ऐन, २०४५ तथा नगर विकास निर्देशिका, २०६१ ले निर्दिष्ट गरेका व्यवस्थाहरुलाई अवलम्बन गरी गर्नुपर्नेमा टीकापुर नगर विकास समितिका अध्यक्ष, बोर्ड सदस्य तथा कर्मचारीहरु र समितिबाट आफ्नो नाममा जग्गा दा.खा. गराउने व्यक्ति विशेष समेतको मिलेमतोमा समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा./हक हस्तान्तरण गर्ने उद्देश्यकासाथ साविकको विकास समितिबाट जग्गा दिने निर्णय भई अस्थायी निस्सा पाएका व्यक्तिहरुको नाममा मात्र नगर विकास समितिबाट जग्गा वितरण/दा.खा. गरेको भन्ने देखाउने गरी नगर विकास समितिको बोर्ड बैठकबाट पुरानो अस्थायी निस्सा लिएका तर दा.खा. हुन बाँकी रहेका जग्गाधनीहरुको सम्बन्धमा दा.खा. गर्न सिफारिस गर्ने भनी तत्कालीन नगर विकास समितिका अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा बसेको नगर विकास समितिको बैठकबाट बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा ७ सदस्यीय उपसमिति र नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा बसेको बोर्ड बैठकबाट प्रेम सिंह विश्वकर्माको संयोजकत्वमा १० सदस्यीय उपसमिति गठन गरी तथा नगर विकास समितिका अध्यक्ष धिजराज रेग्मीको अध्यक्षताको बोर्ड बैठकबाट अघिल्ला उपसमितिहरुले सिफारिस गरेका मध्येका तथा थप समेत व्यक्तिको नाममा जग्गा दा.खा. गर्ने भनी बोर्ड बैठकबाट निर्णयसमेत गरी समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा. गरे गराएको देखिन्छ। नगर विकास समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा. गर्ने कार्यमा संलग्न नेत्र प्रसाद जोशी, ललित ताम्राकार, धिजराज रेग्मी र उपसमिति संयोजक गणेश सिंह रावल तथा प्रेम सिंह विश्वकर्मा समेतका पदाधिकारीहरु तथा कर्मचारीहरु धनीराम भण्डारीसमेत र प्रथम तहमा जग्गालिने राजु आचार्यसमेतका व्यक्तिहरुले बयानका क्रममा उक्त जग्गा टीकापुर विकास समितिमा पहिले नै बिभिन्न प्रकृयाबाट जग्गादिने निर्णय भई रकम बुझाई घडेरी प्रमाणित गरेको पत्र लिएको तर दा.खा. हुन बाँकी रहेको हुँदा पछि नगर विकास समितिबाट उपसमिति गठन गरी उपसमितिको सिफारिस बमोजिम दा.खा. भई व्यक्ति विशेषको नाममा भएको भनी जिकिर लिएतापनि उक्त सिफारिसमा परी तथा समितिको निर्णयबाट दा.खा. भएका घडेरीका निर्णय मिसिलसाथ संलग्न कागजातहरु साविकको टीकापुर विकास समितिका तत् तत् समयका निर्णय मिसिल लगायतका समितिबाट जारी भएका कागजातहरुसँग नभिडेको तथा उक्त कागजातहरुमा भएका अंक समेत केरमेट भएको भन्ने विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिएको, निर्दोषिताको जिकिर लिएका व्यक्तिहरुको जग्गा सम्बन्धी अभिलेख टीकापुर विकास समितिका तत् तत् समयका निर्णय माईन्यूट प्लट बुक लगायतका कागजातमा समेत अभिलेखित नभएको, घडेरी प्राप्त गर्न पेश भएका भनिएका कागजातहरुको आधिकारिकता पुष्टीकालागि उपसमितिले उक्त कागजातहरुको सम्बन्धमा मालपोत कार्यालय, टीकापुर, नगर विकास समितिका पूर्व निर्णय अभिलेख मिसिलहरुसँग समेत कुनै भिडान गरेको नदेखिएको, पुरानो घडेरी प्रमाणित पत्र प्राप्त भए पश्चात् उक्त पत्रमा उल्लिखित ब्लक, प्लट भएकाको साँध सधियार लगायतसँग बुझी स्थलगत मुचुल्का लगायतका कुनै प्रकृया पुरा नगरी हचुवाको भरमा सोझै सिफारिस तथा निर्णय गरेको देखिएको, नगर विकास समितिकै पदाधिकारीहरुको आफन्तसमेतका व्यक्तिहरुको घडेरीहरु समेत दा.खा. नभएको सम्बन्धमा तत्कालीन समयमा दा.खा. नहुनुपर्ने कारण सम्बन्धमा कुनै जाँचबुझ नगरेको, मिति २०६२।०२।१९ गतेको तत्कालीन टीकापुर विकास समितिका अध्यक्ष मिन बहादुर रावलको अध्यक्षतामा बसेको बोर्ड बैठकको निर्णयबाट टीकापुर विकास समिति फेज आउट प्लानमा रहेको कारण |

| | | | | | |
|---|---|---|---|---|---|
| | जगदिश टमटा, लाल बहादुर शाही, भीम बहादुर महर, दिपेन्द्र बहादुर शाही, सागर चन्द, मथुरा देवी कडायत, विष्णु शाही, ईन्द्रा देवी भण्डारी र धन बहादुर बम<br><br>मु.नं (०८०-CR-००९८) फैसला मिति २०८१/०९/२५ | | उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना हुन समेतको मागदाबी लिईएकोमा<br>**फैसलाः** विशेष अदालतवाट निज प्रतिवादी लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम ३ महिना कैद र बिगोको दामासाहीले जनही रु.१३,०७,३००/४५ जरिबाना हुने ठहऱ्याई फैसला भएको देखिन्छ।<br>• **नापी कार्यालय टिकापुर का तत्कालीन नापी अधिकृत प्रतिवादी गणेश बहादुर बमको हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएको हुँदा निज प्रतिवादीलाई विगो रु. ४२,३४,९०५/- (अक्षरेपि बयालीस लाख चौतीस हजार नौ सय पाँच) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)वमोजिम कैद तथा बिगो बमोजिम जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना हुन समेतको मागदाबी लिईएकोमा<br>**फैसलाः** विशेष अदालतवाट निजले आरोप दावीबाट सफाई पाउने ठहऱ्याई फैसला भएको देखिन्छ।<br>• **मालपोत कार्यालय टिकापुर का तत्कालीन मालपोत अधिकृत प्रतिवादी जय बहादुर विष्टको हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएको हुँदा निज प्रतिवादीलाई विगो रु.१,६८,४५,५८८/- (अक्षरेपि करोड अठसट्ठी लाख पैंतालीस हजार पाँचसय अठासी रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)वमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना हुन समेतको मागदाबी लिईएकोमा<br>**फैसलाः** विशेष अदालतवाट निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम ३ महिना कैद र बिगोको | | "टीकापुर विकास समितिसँग लेनदेन, बाँकी बक्यौता, रकम तथा लालपुर्जा सम्बन्धी भएका सम्पूर्ण प्रमाणहरु लिई समितिमा सम्पर्क राख्न आउन हुन भनी राष्ट्रिय स्तरको पत्र पत्रिकामा ३५ दिने सूचना जारी गर्ने निर्णय गरियो" भनी निर्णय भई सूचना जारी भएकोमा सो समयमा समेत साविकको विकास समितिबाट अस्थायी निस्सा पाएका भनिएका व्यक्तिहरु समितिसमक्ष कुनै प्रमाण पेश गरेको नदेखिँदा नदेखिदै पुरानो निस्सा लिएको भनी सिफारिस गरेको देखिएको, दा.खा. हुन बाँकी रहेका भनिएका निर्णय मिसिलसाथ संलग्न अधिकांश घडेरी प्लट असुली रसिदको क्रम संख्याको शुरु अक्षरहरु खुर्किएर मेटाएको सामान्य आँखाले समेत स्पष्ट देखिँदा देखिदै पनि रकम बुझाएको अभिलेख समेत नहेरी दा.खा.को लागि निर्णय तथा सिफारिस गरेको देखिएको, बैंक दाखिला गरेका भनिएका एउटै भौचर समेत बिभिन्न मिसिलमा फोटोकपि गरी राखेर रकम बुझाएको भनी सिफारिस गरेको देखिएको, व्यक्ति विशेषको नाममा समितिबाट पहिले नै वितरण भै सकेको प्लट समेत अभिलेख नहेरी हचुवाको भरमा व्यक्तिगत स्वार्थ र सम्बन्ध राखी पुनः अर्के व्यक्तिको नाममा दा.खा.का लागि पेश भएको देखिएसमेतबाट नगर विकास समितिको स्वामित्वमा रहेको सरकारी सार्वजनिक प्रकृतिको जग्गा व्यक्ति विशेषको नाममा हक हस्तान्तरण गर्ने जस्तो संबेदनशिल विषयमा जग्गा वितरण गर्नु पूर्व अनिवार्यरुपमा गर्नु पर्ने कागजातहरुको आधिकारिकता परीक्षण, साँधसधियारसँगको स्थलत मुचुल्का, पूर्व निर्णय अभिलेख तथा कागजातहरुसँगको भिडान, जग्गा प्राप्त गर्ने सम्बद्ध व्यक्तिहरुको यकिन तथा आधिकारिकता, सामान्य आँखाले पनि देख्न सकिने गरी केरमेट भएका कागजातहरुको परीक्षण लागयतका कुनै पनि कार्य नगरी तत्कालीन टीकापुर नगर विकास समितिका अध्यक्ष, उपसमितिका संयोजक तथा सदस्यहरु, बोर्डका सदस्य, नगर विकास समितिका कर्मचारीहरु र जग्गाधनीहरु समेतको संयुक्त मिलेमतोमा समितिको जग्गा लिनेखाने तथा सोबाट व्यक्तिगत लाभ लिई समितिलाई हानी पुऱ्याउने बदनियत राखी साविकको टीकापुर विकास समितिका नामका किर्ते (रकम बुझाएको रसिद, घडेरी प्रमाणित गरेको पत्र, उक्त कागजातहरुमा लगाएको साविक टीकापुर विकास समितिको छाप लगायतका) कागजातहरु श्रृजना गरी टीकापुर नगर विकास समितिको ४६९०२.०१ बर्गमिटर (६-१८-१० ज.बि.) क्षेत्रफलको कूल रकम रु.२,४२,०८,३५७।- (दुई करोड बयालीस लाख आठ हजार तीनसय सन्ताउन्न रुपैंया मात्र) मूल्य बराबरको जग्गा १२० जना (जसमध्ये शुरुमा एकजना व्यक्तिको नाममा प्लट कायम गराई पछि दा.खा. गर्दाको बखतमा सोही प्लट अर्के व्यक्तिको नाममा प्लट नामसारी गरी दा.खा. गर्ने ४ जना समेत गरी) व्यक्ति विशेषको नाममा हकहस्तान्तरण गरेको र तत्कालीन टीकापुर नगर विकास समितिका बोर्ड अध्यक्ष धिजराज रेग्मीको मिति २०७०।०५।१२ गतेको बोर्ड बैठकको निर्णयबाट "बिगतमा समितिबाट दा.खा. कार्य गर्ने भनी विभिन्न मितिमा भएका निर्णय बमोजिम तपशिलका व्यक्तिहरुको नाममा जग्गाधनी स्रेस्ता पुर्जा उपलब्ध गराउने निर्णय गरियो" भनी अघिल्ला उपसमितिहरुबाट सिफारिस भएका ५० जना र थप २ जना समेत गरी ५२ जना जग्गाधनीहरुको नाम दा.खा. गर्न निर्णय गरेकोमा दा.खा. भएको सोही निर्णयको क्रम संख्या १६ मा रहेका थप जग्गाधनी राम बहादुर आले मगर को समेत निर्णय मिसिलसाथ संलग्न कागजात परीक्षणको लागि विधिविज्ञान प्रयोगशाला पठाउदा उक्त मिसिलसाथ संलग्न कागजातहरु नमूना (Control sample) सँग नभिडेको भन्ने श्री राष्ट्रिय विधिविज्ञान प्रयोगशाला शाखा कार्यालय धनगढीको परीक्षण प्रतिवेदनबाट देखिएकोले निज राम बहादुर आले मगरको नाममा साविकको टीकापुर ९ढ को ब्लक नं. ७ को प्लट नं. ८९ए को कित्ता नं. १०३२ को क्षेत्रफल ३३८.०० बर्गमिटर (०-१-० ज.बि.) तत्कालीन आ.व. २०७०/०७१ को रकम रु.७,९८,५१२।- (अक्षेरेपी साल लाख अन्ठानब्बे हजार पाँचसय बाह्र रुपैंया) बराबरको जग्गा र अघिल्ला उपसमितिहरुको सिफारिस बमोजिम दा.खा. भएका १२० जना (प्लट नामसारीको ४ जना समेत) गरी कुल १२१ जनाको नाममा टीकापुर नगर विकास समितिको कूल जग्गा ४७,२४०.०१ बर्गमिटर (६-१९-१० ज.बि.) क्षेत्रफल जग्गा समितिको नामबाट व्यक्ति विशेषको नाममा दा.खा./वितरण गर्दाका बखत पेश भएका भनिएका कागजातहरु अन्य प्रमाण कागजातहरुबाट सक्कल कागजात भएको पुष्टि हुन नसकेको तथा ति शंकास्पद कागजातहरु नमूना मिसिल (Control sample) सँग नभिडेको विधिविज्ञान प्रयोगशालको परीक्षण प्रतिवेदनबाट पुष्टि भैरहेकोले समितिबाट व्यक्ति विशेषको नाममा दा.खा./वितरण भएकै समयको मालपोत कार्यालयबाट स्थापित न्यूनतम मूल्याङ्कन दररेटलाई आधार मानी बिगो रकम रु.२,५०,०६,८६९।- (अक्षेरेपी दुई करोड पचास लाख छ हजार आठसय उनान्सत्तरी रुपैंया) कायम हुने देखियो ।उक्त मूल्य बराबरको जग्गाका साविकको टीकापुर विकास समितिको नामका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दामासाहीले जनही रु.१३,०७,३००/४५ जरिबाना हुने ठहऱ्याई फैसला भएको देखिन्छ।<br>• **टिकापुर नगर विकास समितिका खरीदार प्रतिवादी धनीराम भण्डारीको हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएको हुँदा निज प्रतिवादीलाई बिगो रु. १,८६,५४,४५३/- (अक्षेरेपि एक करोड छयासीलाख चौउन्न हजार चारसय त्रिपन्न रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)बमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिमको कैद र जरिवाना समेतको मागदाबी लिईएकोमा विशेष अदालतबाट निजलाई आरोप दावीबाट सफाई दिई फैसला भएको देखिन्छ।<br>• **टिकापुर नगर विकास समितिका सब ओभरसियर प्रतिवादी नेत्र बहादुर रावलको हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूर भएको देखिएकोले निज प्रतिवादीलाई बिगो रु. १,७९,१२,४८१/- (अक्षेरेपि एक करोड उनासी लाख बाह्र हजार चारसय एकासी रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)बमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना समेतको मागदाबी लिईएकोमा विशेष अदालतवाट निजलाई आरोप दावीबाट सफाई दिई फैसला भएको देखिन्छ।<br>• **टिकापुर नगर विकास समितिको पुरानो रसिद खिचेको भनी घडेरी प्रमाणित पत्रमा दस्तखत गर्ने टिकापुर विकास समितिका तत्कालीन फिल्ड सुपरभाईजर प्रतिवादी देवीलाल घिमिरेको हकमाः** निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको | | किर्ते कागजातहरु खडा गरी विकास समितिका प्लट असुली रसिदका अंक तथा क्रमसंख्या समेत केरमेट गरी टीकापुर नगर विकास समितिको नाममा रहेको जग्गा सोझै व्यक्ति विशेषको नाममा दर्ता तथा भोग चलन गर्ने गराउने कार्य गरी भ्रष्टाचारजन्य कसूर गरेको मिसिल संलग्न राष्ट्रिय विधिविज्ञान प्रयोगशाला शाखा कार्यालय धनगढीको परीक्षण प्रतिवेदन, मालपोत कार्यालय टीकापुरबाट प्राप्त जग्गाहरुको निर्णय मिसिल, जग्गाका स्रेस्ता तथा नगर विकास समिति टीकापुरबाट प्राप्त उपसमितिका प्रतिवेदन, सो प्रतिवेदन अनुसार सिफारिस भएका जग्गाहरुसँग सम्बन्धित कागजातहरु, टीकापुर नगर विकास समितिमा रहेका माईन्यूट तथा निर्णयहरु, जग्गाका प्लटबुक, बैंक तथा वितीय संस्थाहरुबाट प्राप्त उक्त जग्गाहरुको रकम दाखिला भएको नदेखिएको भन्ने व्यहोराका पत्र जवाफसमेतका कागजातहरुबाट सप्रमाण पुष्टी भई रहेको देखिदा आरोप पत्र दावी बमोजिम सबै प्रतिवादीहरुलाई सजाय गर्नु पर्नेमा आंशिक ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा संकलित विभिन्न लिखत कागजहरुको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला धनगढी शाखाले विवादित लिखतको वैज्ञानिक परीक्षण गर्दा अंक र अक्षरहरुको (Print Mark. Font style, Font size and Shape) को आधारमा नमुनाका लागि पेस भएका घडेरी प्रमाणित पत्रमा भएका अंक र अक्षर (Print Mark, Font style, size and Shape) सङ्ग परीक्षण गर्दा मिलेको भिडेको देखिदैन। यसै गरी उक्त घडेरी प्रमाणित पत्रमा लगाईएको कार्यालयको छाप Class Character को रुपमा रहेको Shape and Size को पनि घडेरी प्रमाणित पत्रमा प्रयोग हुने कार्यालयको छापसङ्ग मिलेको देखिदैन।टीकापुर विकास समितिमा जग्गाको मूल्य जम्मा गरेको रकमको बैंक दाखिला विवरण टीकापुर विकास समिति/टीकापुर नगर विकास समितिको खाता नं. क्रमशः १०७०००७६९०१२ १०७००००००३७०१ मा रसिदमा उल्लेखित व्यक्तिको नाम, रकम र रसिद जारी मितिमा सो रकम जम्मा गरेको अभिलेख नदेखिएको भनी नेपाल बैंक लिमिटेड, शाखा टीकापुरको मिति २०८०।३।१ गतेको प.सं. १०७/८६/२३को पत्रसाथ प्राप्त भएको विववरणमा उल्लेख भएको देखियो। यसै घडेरी प्रमाणित पत्रको चलानी नं. चलानीको क्रमसङ्ग नमिलेको र रसिद नं., रसिद जारी मिति र रसिदको सिरियल नम्बरको क्रमसंख्या समेत मिलेको नदेखिएकोले प्रथम दृष्टि (Prima Facie) मा नै टिकापुर नगर विकास समितिका विभिन्न समयका अध्यक्षहरु तथा विभिन्न समयमा गठित उपसमितिका पदाधिकारीहरु, टिकापुर विकास समितिमा कार्यरत कमर्चारीहरु, मालपोत कार्यालय तथा नापी कार्यालयका पदाधिकारीहरुले तथा प्रथम तहका जग्गाधनीहरुले आफूहरु पुरानो जग्गाधनीहरु भनी विभिन्न समयमा निवेदनहरु दिई टिकापुर नगर विकास समितिले दिएको जग्गाहरु दाखेल खारेज गरिलिई भोग गर्दै बेचबिखन गरी हकहस्तान्तरण समेत गरेको देखिदा प्रतिवादीहरुको आरोप पत्रमा उल्लेखित कसूरजन्य कार्य स्थापित भएको छ।<br>• **उपरोक्त अनुसारको आधार प्रमाण सहित आरोप पत्र दायर गरिएको प्रस्तुत मुद्दामा विशेष अदालतवाट आंशिक दावी मात्र ठहर हुने गरि भएको फैसला उपर प्रतिवादीहरुको प्रति ब्यक्ति बदनियत पुर्ण कार्य र सोलाई पुष्टि गर्ने आधार कारणहरुलाई तपसील अनुसार विश्लेषण गरि पुनराबेदन जिकिर लिईएको छ।**<br>• **प्रतिवादी नेत्र प्रसाद जोशीको हकमाः** टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीले आफु अध्यक्ष हुँदाको बखतमा टीकापुर नगर विकास समितिको बोर्ड बैठकको मिति २०६६।१२।१६ गतेको निर्णय नं. ३ मा पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा ७ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरी व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा./वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले उक्त उपसमितिले सोझै आफु (अध्यक्ष) समक्ष नगर विकास समितिको घडेरी व्यक्ति विशेषको नाममा दा.खा. गर्न सिफारिस गर्ने भनी निर्णय गरी गराई घडेरी वितरण गर्दा अपनाउनु पर्ने विधि प्रकृयासमेतलाई छली उपसमिति मार्फत साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, रकम बुझाएको रसिद लगायतका नक्कली कागजातहरु श्रृजना गरी गराई उपसमिति मार्फत जग्गा दा.खा.को सिफारिस गराई उक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसूर भएको देखिएकोले निज प्रतिवादीलाई विगो रु.२१,११,१५९/- (अक्षरेपि एकाईस लाख एघार हजार एकसय उनान्साठ्ठी रुपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)वमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ. ऐनको दफा ११ बमोजिम कैद र जरिवाना समेतको मागदाबी लिईएकोमा विशेष अदालतवाट निजलाई आरोप दावीबाट सफाई दिई फैसला भएको देखिन्छ।<br>• **टिकापुर नगर विकास समितिको जग्गा नक्कली कागजातहरुको आधारमा प्रथम तहमा आफ्नो नाममा कायम गराउने प्रथम तहका जग्गाधनीहरु प्रतिवादी अरुणा के.सी समेतका ११० जनाको हकमाः** आरोप पत्रको तालिका नं. २९ बमोजिमका जग्गाधनीहरुको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कार्यमा प्रत्यक्ष संलग्न भई लाभ प्राप्त गरी ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मतियारको कसुरमा ऐ. दफा बमोजिम मुख्य कसुरदारलाई भए सरहकै बिगो तथा कैद सजायको मागदाबी लिने तथा नगर विकास समितिबाट गैरकानुनी तवरले उक्त जग्गा प्राप्त गरे पश्चात् हालसम्म उक्त जग्गाको यथावत स्वामित्व कायम भइरहेका व्यक्तिहरुका हकमा सोही ऐनको दफा ४७ वमोजिम उक्त जग्गा निजहरुबाट जफत गरी साबिकको टिकापुर  नगर विकास समितिकै नाउँमा यथावत कायम गर्न मागदाबी लिइएकोमा विशेष अदालतवाट निज अरुणा के.सी समेतका प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) को कसूरमा दफा २२ को प्रतिवन्धात्मक वाक्यांश अनुरुपको कसूरको मतियारको कसूर गरेको पुष्टि हुन आयो। निज अरुणा के.सी समेतका प्रतिवादीहरु (७६ जना) लाई अरुणा के.सी., अर्चना वम, अर्जुन प्रसाद कठायत, ईन्द्रा देवी भण्डारी, ईश्वरी कुंवर, कमल वहादुर धामी, | | सिफारिसमा भएका मध्येका टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. १५ मा उल्लिखित क्षेत्रफल, मूल्य वरावरको जग्गा सोही तालिका बमोजिमका व्यक्तिहरुको नाममा दा.खा. गर्ने भनी निज अध्यक्ष नेत्र प्रसाद जोशी आफैंले दा.खा. फारममा तोकादेश समेत गरी समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा./वितरण गरेको तथ्य पुष्टि हुन आएको देखिदा देखिदै विशेष अदालतवाट सो प्रमाणको मुल्यांकन नगरि निज प्रतिवादी नेत्र प्रसाद जोशी को भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ज) बमोजिमको कसूरमा १ बर्ष ६ महिना कैद र बिगो जनही रु.१३,०७,३००/४५ (तेह्र लाख सात हजार तीन सय रुपैयाँ पैतालीस पैसा) जरिबाना हुने, एवं ऐनको दफा २४ बमोजिम ३ महिना थप कैद मात्र ठहर गरि भएको फैसला  त्रुटीपुर्ण देखिदा उक्त फैसला बदर भागी छ। विशेष अदालतवाट निज प्रतिवादीलाई दावी लिईएको दफा ११ बमोजिम को सजायको हकमा केही उल्लेख नगरि तथा दावी गरिएको बिगो रु.२,१२,४०,९४४।– ठहर नगरि एवं विगो असुलीको मागदावीको हकमा समेत आरोप दावी बमोजिम नगरी भएको फैसला मिशिल संलग्न लिखत प्रमाणको विश्लेषण र मुल्यांकनको रोहमा त्रुटिपुर्ण रहेको हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादी नेत्र प्रशाद जोशीलाई आरोप मागदावी बमोजिम सजाय गरि पाउन अनुरोध छ।<br>• **प्रतिवादीहरु गणेश सिंह रावल, खडक बहादुर शाह, बम बहादुर बम, श्याम खत्री, देवेन्द्र बहादुर कुँवर र पदमराज न्यौपानेका हकमाः** टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा बसेको समितिको मिति २०६६।१२।१६ गतेको बोर्ड बैठकमा पुराना दा.खा.हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा खडक बहादुर शाह, बम बहादुर बम, श्याम खत्री, देवेन्द्र बहादुर कुँवर, नवराज पौडेल र पदमराज न्यौपाने समेतको ७ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरी उक्त गठित उपसमिति मध्येका नवराज पौडेल बाहेकका अन्य ६ जना सदस्य तथा संयोजक सहितको उपसमितिको मिति २०६७।०१।१४ गतेको र २०६७।०२।१० गतेको बैठकमा जग्गा दा.खा. गर्ने व्यक्तिहरुको नामावली तथा मिति २०६७।०४।०६ मा बसेका बैठकको निर्णय १ मा तत्कालीन टीकापुर विकास समितिबाट विभिन्न मितिमा रकम चुक्ता गरी घडेरी प्रमाणहरु बुझि लिई सकेका र केही व्यक्तिहरुको हकमा अधुरो रकम भुक्तानी गर्न बाँकी रहेका व्यक्तिहरुको रकम असुल उपर गरी तपशिलका व्यक्तिहरुको दा.खा. प्रकृया अगाडी बढाउन उपयुक्त देखिएकोले श्रीमान् अध्यक्षज्यू समक्ष सिफारिस गर्ने निर्णय गरियो भनी निर्णय गरी व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले छुट्टा/छुट्टै सिफारिसमा साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, रकम बुझाएको रसिद लगायतका नक्कली कागजातहरु श्रृजना गरी गराई दा.खा.को लागि टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीसमक्ष प्रतिवेदन पेश गरी उक्त प्रतिवेदनमा पेश भएका मध्येका टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. १८ बमोजिमको क्षेत्रफल, मूल्य  वरावरको जग्गा सोही तालिकामा उल्लिखित व्यक्तिहरुका नाममा दा.खा. गर्ने भनी अध्यक्षबाट समेत तोकादेश गरी समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा./वितरण भएकोको तथ्य मिशिल संलग्न लिखित प्रमाणहरुवाट पुष्टि भएको देखिदा देखिदै विशेष अदालतबाट सो प्रमाणको मुल्यांकन नगरि प्रतिवादी गणेश सिंह रावलको हकमा १ बर्ष ६ महिना कैद र दामासाहीले जनही रु.१३,०७,३००/४५ (तेह्र लाख सात हजार तीन सय रुपैयाँ पैतालीस पैसा) जरिबाना हुने, प्रतिवादी खडक बहादुर शाह, बम बहादुर बम, श्याम खत्री, देवेन्द्र बहादुर कुँवर र पदमराज न्यौपानेका हकमा जनही ३ महिना कैद र दामासाही जनही रु.१३,०७,३००/४५ (तेह्र लाख सात हजार तीन सय रुपैयाँ पैतालीस पैसा) जरिबाना हुने मात्र हुने गरि आंशिक कसूर ठहर गरि भएको फैसला त्रुटीपुर्ण छ। यि प्रतिवादीहरु गणेश सिंह रावल, खडक बहादुर शाह, बम बहादुर बम, श्याम खत्री, देवेन्द्र बहादुर कुँवर र पदमराज न्यौपानेले गरेको कार्य कसूरको आधारमा निजहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उपरोक्त उल्लेखित प्रमाणको वेवास्ता गरि प्रतिवादीहरुलाई घटि सजाय गरेको विशेष अदालतको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदा उक्त फैसला बदर गर प्रतिवादीहरुलाई  आरोप दावी बमोजिम सजाय गरि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कमलादेवी न्यौपाने, कलशा कुंवर, कोकिला भण्डारी, गणेश वहादुर खड्का, चक्र प्रसाद जैसी, चन्द्र प्रकास सोडारी, चेतराज जोशी, झपट सिंह वोहरा, टेक वहादुर रावल, डम्मर देवी कुंवर, तपेन्द्र वहादुर शाह, तर्कराज टमाटा, तारा कुमारी थापा, , तिलक वहादुर विष्ट, दल वहादुर विष्ट, दिपा ठकुल्ला, दुर्गा रावल, देनकला विष्ट, देवसरा भण्डारी, धन वहादुर बम, नन्दाराम धमला, नरेश कुमार खत्री, पदमराज कठायत, पदमराज जोशी, परमानन्द जोशी, पवित्रा जैशी, पशुपति रावल, पार्वती देवी भण्डारी, पुर्ण प्रसाद शर्मा, पुष्पा देवी रावल, प्रविण पौड्याल, प्रेम प्रसाद कठायत, भद्रा रोका क्षेत्री, भवानी प्रसाद जैशी, भवानी प्रसाद पण्डित, मणिराज देवकोटा, मदन कुमार भट्टराई, मान वहादुर कुंवर, मिनराज गिरी, मिना देवी थापामगर, मेदेनी रावल, रतन देवी रावल, रमेश खत्री, राम वहादुर कडायत, रेखा आचार्य, लक्षिराम रिमाल, लक्ष्मी देवी कुँवर, लाल वहादुर सांउद, लोगराज कठायत, विनिता न्यौपाने, शारदा देवी विष्ट, संगिता स्वार, सिद्दराज जैशी, सुनिता देवी रावल, सुर्य वहादुर रावल, हरी वहादुर कडायत, हिमा रावल, अशोक स्वाँर, आरती वम, ईश्वरी विश्वकर्मा, काशीलाल खत्री, दुर्गादेवी वुढा, नामसरा कुमारी शाही, वसुन्धरा कुंवर, भारती देवी कडायत, महादेव थारु, सुशिला हमाल, हर्क वहादुर विष्ट, विमा देवी कुंवर र लक्ष्मी प्रसाद जैसीलाई जनही ३ महिना कैद र आ-आफ्नो जग्गाको विगो अनुरुप जरिबाना हुने एवं निजहरुको नाममा कायम जग्गा जफत भई टिकापुर विकास समितिको कायम हुने समेत ठहऱ्याई र जग्गा जफत भएका प्रतिवादीहरुको जग्गा खरिद गर्दा तिरे बुझाएको रकम कानुनबमोजिम सम्बन्धित विक्रिकर्तासंग दावी गरी लिन पाउने गरि फैसला भएको देखिन्छ।<br>• **प्रतिवादी केशर बहादुर कुँवर र राजु आचार्यको हकमाः** निज प्रतिवादीहरुमध्येका केशर बहादुर कुँवरले अदालतमा बयान गर्दा २०५७ सालमा तोक आदेश भएकोमा उक्त समयमा अध्ययनको सिलसिलामा काठमाण्डौंमा रहेको र सबै प्रकृया | | पाउँ।<br>• **प्रतिवादी बल बहादुर कडायतको हकमाः** टीकापुर नगर विकास समितिका तत्कालीन योजना प्रमुख बल बहादुर कडायतले समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा समितिको मिति २०६६।१२।१६ गतेको बैठकमा पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा बनेको ७ सदस्यीय उपसमिति तथा टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा टीकापुर नगर विकास समितिको मिति २०६८।०२।०४ गतेको नगर बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरी उक्त दुबै उपसमितिहरुको बिभिन्न मितिमा बसेका बैठकहरुको छुट्टा/छुट्टै सिफारिससाथ संलग्न साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, समितिमा रकम बुझाएका रसिदहरु श्रृजना गरेको र उक्त कागजातहरु श्री राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट नमूना मिसिल (Control sample) सँग नभिडेको परीक्षण प्रतिवेदनबाट पुष्टि भएकोले समितिको घडेरी व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा व्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले श्रृजना गरिएका नक्कली घडेरी प्रमाणित पत्र लगायतका कागजातहरुमा तत्कालीन नगर विकास समितिका अध्यक्ष तथा उपसमितिका संयोजक एवम् सदस्यहरु र जग्गाधनीहरुसँग मिलेमतो गरी नक्कली कागजातहरुलाई बैधानिकता प्रदान गर्ने बदनियतकासाथ निज बल बहादुर कडायतले योजना प्रमुख तथा निमित्त योजना प्रमुखको महलमा दस्तखत गरी टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. २० बमोजिमको क्षेत्रफलको मूल्य वरावरको जग्गा सोही तालिकामा उल्लिखित व्यक्तिहरुका नाममा दा.खा./वितरण गर्ने कार्य गरेको तथ्य पुष्टि भएको देखिदा देखिदै देखिदै विशेष अदालतबाट सो प्रमाणको मुल्यांकन नगरि प्रतिवादी बल बहादुर कडायतलाई ३ महिना कैद र दामासाहीले जनही रु.१३,०७,३००/४५ (तेह्र लाख सात हजार तीन सय रुपैयाँ पैतालीस पैसा) जरिबाना मात्र हुने गरि भएको फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटीपुर्ण देखिदा बदर भागी छ। निज प्रतिवादी वल बहादुर कडायतले गरेको उपरोक्त अनुसारको कार्य कसूरको आधारमा निजलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उपरोक्त उल्लेखित प्रमाणको वेवास्ता गरि घटि सजाय गरि भएको विशेष अदालतको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **प्रतिवादी अम्वादत्त जोशीको हकमाः** टीकापुर नगर विकास समितिका तत्कालीन सदस्य सचिव अम्वादत्त जोशीले टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा समितिको मिति २०६६।१२।१६ गतेको बैठकमा पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा बनेको ७ सदस्यीय उपसमिति तथा टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा मिति २०६८।०२।०४ गतेको समितिको बोर्ड बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरी उक्त उपसमितिहरुको बिभिन्न मितिमा बसेका बैठकहरुको छुट्टा/छुट्टै सिफारिससाथ संलग्न साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, समितिमा रकम बुझाएका रसिदहरु श्रृजना गरेको र उक्त कागजातहरु श्री राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट नमूना मिसिल (Control sample) सँग नभिडेको परीक्षण प्रतिवेदनबाट पुष्टि भएकोले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बुबाले अगाडि बढाउनु भएको भनी उल्लेख गरेको पाइयो। यसरी सो समयमा निज केशर बहादुर कुँवर विवादित निवेदन दिएको मितिमा अन्यत्र रहेको र प्रतिवादीहरु केशर बहादुर कुँवर र राजु आचार्य निजहरुको हस्ताक्षरसमेत जाँच भएको नदेखिंदा निजहरुको नाउँमा भएको कि.नं. ५२९८ तथा ५४०४ का जग्गा जफत हुने भए तापनि कसुरजन्य कार्यमा सहभागी भएको देखिने प्रमाणको अभावमा आरोपित कसूरबाट सफाई पाउने ठहऱ्याई फैसला भएको देखिन्छ।<br>• **अन्य प्रतिवादीहरु** दिलिप कुमार हमाल, रमेश रावल, गौरी देवी शाही, गिरी रावल, नित्यानन्द जैसी, रुक्मिणा देवी शाह, कुलो वहादुर थारु, गोपाल सिंह रावल, चन्द्रा न्यौपाने र उदयराम अधिकारी, जयश्री देवि विष्ट, जलु कुमारी टमाटा, तारा प्रसाद धमला, देवु रावल, मञ्जु देवी रावल, महानन्द जोशी, राजकुमारी मण्डल, राम प्यारी रावल, राम वहादुर आले, वर्षा देवी निरौला, शिव प्रसाद न्यौपाने, शुला रावल, ईन्द्र वहादुर कडायत, ऐश्वर्या रावल, कमलादेवी बम, कल्पना स्वार, गंग वहादुर विष्ट, गंगादेवी खड्का, दशरथ मण्डल, धौली देवी देवकोटा, प्रेम वहादुर स्वार, महानन्द अर्याल, लक्ष्मी प्रसाद जैशी, सरिता जैशी, पदम राज कठायतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) को कसूरमा दफा २२ को प्रतिवन्धात्मक वाक्यांश अनुरुपको कसूरको मतियारको कसूरमा सजायको माग दावी लिईएकोमा निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहर गरि फैसला भएको देखिन्छ।<br>• **प्रतिवादीहरु चन्द्रा कठायत, वैजन्ती देवी कुंवर, विर्ख वहादुर रावल, सत्य देवी स्वाँरको हकमाः-** निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. उपदफाको देहाय (ज) तथा ऐ. ऐनको दफा ११ बमोजिमको कसूरमा ऐ. ऐनको दफा २२ बमोजिमको मतियारको कसुर गरेको देखिएको हुँदा निजहरु नगर विकास समितिबाट प्रथम तहमा आफ्नो नाममा प्लट कायम गराउने निम्न | | समितिको घडेरी व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा ब्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले श्रृजना गरिएका नक्कली घडेरी प्रमाणित पत्र लगायतका कागजातहरुमा तत्कालीन नगर विकास समितिका अध्यक्ष तथा उपसमितिका संयोजक एवम् सदस्यहरु र जग्गाधनीहरुसँग मिलेमतो गरी नक्कली कागजातहरुलाई बैधानिकता प्रदान गर्ने बदनियतकासाथ समितिको जग्गा व्यक्तिको नाममा दा.खा.को लागि सिफारिस दा.खा. निवेदन तथा दा.खा. गरिपाउँ भनी ब्यक्तिले दिएको निवेदनसाथ संलग्न कागजातहरुको आधिकारिकता र अभिलेख समेत यकिन नगरी हचुवाको भरमा दा.खा. गरिदिने भनी तत्कालीन टीकापुर नगर विकास समितिको सदस्य सचिवको हैसियतमा तोकादेश गरी टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. २२ बमोजिमको क्षेत्रफल, मूल्य वरावरको जग्गा उक्त तालिका वमोजिमका व्यक्तिहरुका नाममा दा.खा./वितरण गर्ने कार्यमा संलग्न रहेको तथ्य पुष्टि हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई ३ महिना कैद र दामासाहीले जनही रु.१३,०७,३००/४५ (तेह्र लाख सात हजार तीन सय रुपैयाँ पैतालीस पैसा) मात्र जरिबाना गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **नापी कार्यालय टिकापुरका तत्कालीन नापी अधिकृत मान बहादुर चन्दको हकमा:** नापी कार्यालय टीकापुरका तत्कालीन नापी अधिकृत मान बहादुर चन्दले नगर विकास समिति ऐन, २०४५ ले गरेको व्यवस्था अनुरुप समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा बसेको टीकापुर नगर विकास समितिको मिति २०६६।१२।१६ गतेको बैठकमा पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा बनेको ७ सदस्यीय उपसमिति गठनगर्ने निर्णय गर्दा तथा टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा समितिको मिति २०६८।०२।०४ गतेको नगर बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गर्ने निर्णयमा निज नापी अधिकृत मान बहादुर चन्द नापी कार्यालय टीकापुरबाट नगर विकास समितिको बैठकमा पदेन सदस्यको रुपमा उपस्थित भई निर्णय प्रकृयामा समेत सहभागी भई उक्त बैठकको निर्णयबाट गठित उपसमितिहरुको बिभिन्न मितिमा बसेका बैठकहरुको छुट्टा/छुट्टै सिफारिससाथ संलग्न साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, समितिमा रकम बुझाएका रसिदहरु श्रृजना गरेको र उक्त कागजातहरु श्री राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट नमूना मिसिल (Control sample) सँग नभिडेको परीक्षण प्रतिवेदनबाट पुष्टि भएकोले समितिको घडेरी ब्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले श्रृजना गरिएका नक्कली घडेरी प्रमाणित पत्र लगायतका कागजातहरुमा तत्कालीन नगर विकास समितिका अध्यक्ष तथा उपसमितिका संयोजक एवम् सदस्यहरु र जग्गाधनीहरुसँग मिलेमतो गरी उक्त नक्कली कागजातहरु संलग्न राखी समितिको जग्गा व्यक्तिको नाममा दा.खा.को लागि समितिका अध्यक्ष तथा सदस्य सचिवले स्रेस्ता तयार गरिदिने भनी नापी टोलीलाई सम्बोधन गरी भएको तोकादेशको आधारमा उक्त दा.खा. एवम् स्रेस्ता पुर्जा तयार गरिदिनको लागि पेश भएका कागजातहरुको कुनै आधिकारिकता नबुझी उपसमितिबाट पेश सिफारिस भएका विषयको बोर्ड बैठकबाट अनुमोदन भए नभएको यकिन समेत नगरी हचुवाको भरमा प्लटहरुको क्रम संख्या समेत यकिन नगरी नापी अधिकृतको हैसियतमा स्रेस्ता प्रमाणित गरी उक्त नक्कली कागजातहरुको आधारमा टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. २३ बमोजिमको क्षेत्रफल, मूल्य वरावरको जग्गा उक्त तालिका बमोजिमका व्यक्तिहरुका नाममा स्रेस्ता प्रमाणित गर्ने कार्यमा संलग्न रहेको उक्त जग्गाहरुको प्राप्त स्रेस्तामा उल्लिखित दस्तखत समेतबाट समेत पुष्टि हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई ३ महिना कैद र दामासाहीले जनही रु.१३,०७,३००/४५ (तेह्र लाख सात हजार तीन सय रुपैयाँ पैतालीस पैसा) मात्र जरिबाना गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिमका व्यक्तिहरुको हकमा निम्न वमोजिमको कित्ता नं. र क्षेत्रफल भएको जग्गाको निम्न वमोजिमको विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा व्यवस्था भए वमोजिम मुख्य कसुरदारलाई भए सरहकै बिगो तथा कैद सजायको मागदाबी लिईएकोमा चन्द्रा कठायत, विर्ख वहादुर रावल, सत्य देवी स्वाँरलाई र वैजन्ती देवी कुंवरले आरोपित कसूरवाट सफाई पाउने गरी फैसला गरेको देखिन्छ।<br>• **प्रतिवादीहरु** सावित्री देवी शर्मा, हिरा देवी नाथ, मिना वि.क., देवु कुमारी साउद, दान वहादुर विष्ट, यज्ञ वहादुर शाह, चन्द्रा भट्ट, भिम वहादुर महर, शोभा रावल, जलु देवी लुहार, ध्रुव वहादुर रावल, राजेश्वरी रावल, जनक विष्ट, यज्ञराज सिजाली मगर, वशुन्धरा जैशी, कमला भण्डारी, रुपा स्वार, दिपक वहादुर वोगटी, सरिता थापा, मिठ्ठु देवी भुल, प्रकाश शाह, पदम प्रसाद सापकोटा, देवु कुमारी साउद, मिना पाण्डे, कुन्ती देवी रावल, दुरा देवी साउद, लक्ष्मी देवी अधिकारी, मिना पाण्डे जि.सी., वहादुर सिह वोहरा, दान वहादुर सिंह, सुनिता देवी विक, सुवर्ण उपाध्याय, खड्के भण्डारी, नुतन कुमारी थापा, भुमिसरा देवी खत्री, कमल साउद, वसन्ता भण्डारी, गोपाल वहादुर वम, कमला भट्टराई, लक्ष्मी विष्ट, उदय सिंह चलाउने, धौले साउद, विमला देवी भण्डारी, सुरेन्द्र शाह, दिल वहादुर शाह, सरिता थापा, नन्दा कुमारी साउद, विष्णु प्रसाद भट्टराई, जलु देवी जैसी, हर्क वहादुर वम, सरस्वती देवी कुंवर, मनकला राई, डम्वर साउद, कर्म चन्द्र रावल, महेन्द्र राज जोशी र झुमा देवी जैशी बहादुरे विश्वकर्मा, ईन्द्रादेवी लुहार, कालु कुंवर, केशर वहादुर कठायत गोमादेवी कुंवर, चक्र वहादुर कुँवर, टंक देवी कुवर, डण्ड प्रसाद न्यौपाने, तिल वहादुर वोहरा, नरपता रावल, सिद्ध सिंह वुढा, ईन्द्र वहादुर कडायत, ऐश्वर्या रावल, कमलादेवी बम, कल्पना स्वार, गंग वहादुर विष्ट, गंगादेवी खड्का, दशरथ मण्डल, धौली देवी देवकोटा, प्रेम वहादुर स्वार, महानन्द अर्याल, लक्ष्मी प्रसाद जैशी, सरिता जैशी, पदम राज कठायतलाई भ्रष्टाचार | | हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **मालपोत कार्यालय टिकापुरका तत्कालीन मालपोत अधिकृत जय बहादुर विष्टको हकमाः** मालपोत कार्यालय टीकापुरका तत्कालीन मालपोत अधिकृत जय बहादुर विष्टले नगर विकास समिति ऐन, २०४५ ले गरेको व्यवस्था अनुरुप समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा रहेको टीकापुर नगर विकास समितिको मिति २०६६।१२।१६ गतेको बैठकमा पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा बनेको ७ सदस्यीय उपसमिति तथा टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा टीकापुर नगर विकास समितिको मिति २०६८।०२।०४ गतेको नगर बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गर्ने निर्णयमा निज मालपोत अधिकृत जय बहादुर विष्ट मालपोत कार्यालय टीकापुरबाट नगर विकास समितिको बैठकमा पदेन सदस्यको रुपमा उपस्थित भई निर्णय प्रकृयामा समेत सहभागी भई उक्त बैठकको निर्णयबाट गठित उपसमितिहरुको बिभिन्न मितिमा बसेका बैठकहरुको छुट्टा/छुट्टै सिफारिससाथ संलग्न साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, समितिमा रकम बुझाएका रसिदहरु श्रृजना गरेको र उक्त कागजातहरु श्री राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट नमूना मिसिल (Control sample) सँग नभिडेको परीक्षण प्रतिवेदनबाट पुष्टि भएकोले समितिको घडेरी व्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुर्‍याउने बदनियतले श्रृजना गरिएका नक्कली घडेरी प्रमाणित पत्र लगायतका कागजातहरुमा तत्कालीन नगर विकास समितिका अध्यक्ष तथा उपसमितिका संयोजक एवम् सदस्यहरु र जग्गाधनीहरुसँग मिलेमतो गरी उक्त नक्कली कागजातहरु संलग्न राखी समितिको जग्गा व्यक्तिको नाममा दा.खा.को लागि समितिका अध्यक्ष तथा सदस्य सचिवले स्रेस्ता तयार गरिदिने भनी नापी टोलीलाई सम्बोधन गरी भएको तोकादेशको आधारमा उक्त दा.खा. एवम् स्रेस्ता पुर्जा तयार गरिदिनको लागि पेश भएका कागजातहरुको कुनै आधिकारिकता नबुझी हचुवाको भरमा नापी कार्यालयका तत्कालीन नापी अधिकृतबाट प्रमाणित स्रेस्तालाई मालपोत कार्यालय टीकापुरबाट उक्त जग्गाहरुको जग्गाधनी दर्ता प्रमाणपुर्जा लगायतका कागजातहरु उपलब्ध गराई टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. २५ बमोजिमको क्षेत्रफल, मूल्य वरावरको जग्गा उक्त तालिकामा उल्लिखित व्यक्तिहरुका नाममा हक हस्तान्तरण गर्ने कार्यमा संलग्न रहेको तथा समितिको जग्गा व्यक्तिको नाममा दा.खा. गर्ने नगर विकास समितिका बैठकहरुमा उपस्थित समेत भएको नगर विकास समितिका निर्णय तथा उक्त जग्गाहरुको प्राप्त जग्गाधनी दर्ता स्रेस्ता/पुर्जा समेतबाट पुष्टि हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई ३ महिना कैद र दामासाहीले जनही रु.१३,०७,३००/४५ (तेह्र लाख सात हजार तीन सय रुपैयाँ पैतालीस पैसा) मात्र जरिबाना गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **प्रतिवादी ललित ताम्राकारको हकमाः** टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारले समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा. वितरण गर्ने उद्देश्यकासाथ टीकापुर नगर विकास समितिको मिति २०६८।०२।०४ गतेको बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएका व्यक्तिहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह बि.क.को संयोजकत्वमा १० सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरी पछि मिति २०६८।१०।२५ मा निर्णय गरी उक्त उपसमितिमा थप ३ सदस्य समेत गरी १३ सदस्यीय उपसमिति गठन भई बोर्ड बैठकबाट विकास समितिबाट अस्थायी निस्सा पाएका व्यक्तिहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय उपसमिति गठन गरी व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा समितिको जग्गा व्यक्ति विशेषको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ वमोजिम कुनै कसूर गरेको नदेखिएतापनि नगर विकास समितिको स्वामित्वमा रहेको सार्वजनिक प्रकृतिको जग्गा निज व्यक्तिहरुको नाउँमा कायम रहेको देखिएको र उक्त जग्गाको हकमा नगर विकास समितिका नाउँमा छाड्न तयार नभएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरी साबिकको टीकपुर विकास समिति हालको टिकापुर नगर विकास समितिको नाउँमा कायम गराउन मागदाबी लिईएकोमा विशेष अदालतवाट निज प्रतिवादीहरु सावित्री देवी शर्मा, हिरा देवी नाथ, मिना वि.क., देवु कुमारी साउद, दान वहादुर विष्ट, यज्ञ वहादुर शाह, चन्द्रा भट्ट, भिम वहादुर महर, शोभा रावल, जलु देवी लुहार, ध्रुव वहादुर रावल, राजेश्वरी रावल, जनक विष्ट, यज्ञराज सिजाली मगर, वशुन्धरा जैशी, कमला भण्डारी, रुपा स्वार, दिपक वहादुर वोगटी, सरिता थापा, मिठ्ठु देवी भुल, प्रकाश शाह, पदम प्रसाद सापकोटा, देवु कुमारी साउद, मिना पाण्डे, कुन्ती देवी रावल, दुरा देवी साउद, लक्ष्मी देवी अधिकारी, मिना पाण्डे जि.सी,, वहादुर सिह वोहरा, दान वहादुर सिंह, सुनिता देवी विक, सुवर्ण उपाध्याय, खड्के भण्डारी, नुतन कुमारी थापा, भुमिसरा देवी खत्री, कमल साउद, वसन्ता भण्डारी, गोपाल वहादुर वम, कमला भट्टराई, लक्ष्मी विष्ट, उदय सिंह चलाउने, धौले साउद, विमला देवी भण्डारी, सुरेन्द्र शाह, दिल वहादुर शाह, सरिता थापा, नन्दा कुमारी साउद, विष्णु प्रसाद भट्टराई, जलु देवी जैसी, हर्क वहादुर वम, सरस्वती देवी कुंवर, मनकला राई, डम्वर साउद, कर्म चन्द्र रावल, महेन्द्र राज जोशी र झुमा देवी जैशी बहादुरे विश्वकर्मा, ईन्द्रादेवी लुहार, कालु कुंवर, केशर वहादुर कठायत गोमादेवी कुंवर, चक्र वहादुर कुँवर, टंक देवी कुवर, डण्ड प्रसाद न्यौपाने, तिल वहादुर वोहरा, नरपता रावल, सिद्द सिंह वुढाको जग्गाहरु जफत हुने ठहर गरी र टिकापुर विकास समितिको नाममा दाखिल खारेज हुने समेत ठहर भएको र बाँकी प्रतिवादीहरु ईन्द्र वहादुर कडायत, ऐश्वर्या रावल, कमलादेवी बम, कल्पना स्वार, गंग वहादुर विष्ट, | | नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले उक्त उपसमिति मार्फत साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, रकम बुझाएको रसिद लगायतका नक्कली कागजातहरु श्रृजना गरी गराई टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. १६ मा उल्लिखित क्षेत्रफल, मूल्य वरावरको जग्गा सोही तालिका वमोजिमका व्यक्तिहरु दा.खा. गर्ने भनी अध्यक्ष ललित ताम्राकार आफैंले जग्गा दा.खा. फारममा तोकादेशसमेत गरी समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा./वितरण गरेको तथ्य पुष्टि हुन आएको देखिदा देखिँदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई आरोपित कसूरवाट सफाई हुने गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **प्रतिवादी धीजराज रेग्मीको हकमाः** टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष धिजराज रेग्मीको अध्यक्षतामा टीकापुर नगर विकास समितिको मिति २०७०।०५।१२ को बैठकको निर्णय नं. १४ मा बिगतका समितिबाट दा.खा. कार्य गर्ने भनी विभिन्न मितिमा भएका निर्णय बमोजिम तपशिलका व्यक्तिहरुको नाममा जग्गा स्रेस्ता पुर्जा उपलब्ध गराउने निर्णय गरियो भनी टेक बहादुर साउद देखि रमेश खत्री सम्मका ५२ जना व्यक्तिहरुको नाममा स्रेस्ता बनाईदिने भनी नगर गणेश सिंह रावल र प्रेम सिंह बि.क.को संयोजकत्वको उपसमितिहरुले सिफारिस गरेका समेत जग्गाधनीहरुको नाम समेत पुनः सिफारिस गरी समितिको जग्गा ब्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, रकम बुझाएको रसिद लगायतका नक्कली कागजातहरु श्रृजना गरी गराई दा.खा.को लागि सिफारिस गरेका व्यक्तिहरुको जग्गा मध्येका टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको निम्न तालिका नं. १७ मा उल्लिखित क्षेत्रफल, मूल्य वरावरको जग्गा सोही तालिका बमोजिमका व्यक्तिहरु दा.खा. गर्ने भनी सोझै बोर्ड बैठकबाट जग्गा पाउने व्यक्तिहरुको नाम, कित्ता नं. क्षेत्रफल समेत तोकी दा.खा. गरिदिने भनी निर्णय गरी अध्यक्ष धिजराज रेग्मीबाट जग्गा दा.खा. फारममा तोकादेश एवम् दस्तखत समेत गरी समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा./वितरण गरेको तथ्य पुष्टि हुन आएको देखिदा देखिँदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई आरोपित कसूरवाट सफाई हुने गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **प्रतिवादीहरु प्रेम सिंह बि.क., सदस्यहरु श्याम खत्री, भरत स्वाँर, बेदराज जोशी ढुङ्गाना र दयाराम सञ्ज्याल, पुर्ण बहादुर बोगटी, अमर बहादुर कडायत, मदन कुँवर र तारा प्रसाद सञ्ज्याल जैशीका हकमाः** टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा रहेको समितिका बोर्ड बैठकले समितिको जग्गा वितरण गर्ने उद्देश्यकासाथ टीकापुर नगर विकास समितिको मिति २०६८।०२।०४ गतेको नगर बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा सदस्यहरु रोध बहादुर भण्डारी, श्याम खत्री, भरत बहादुर स्वाँर, बेदराज ढुङ्गाना र दयाराम सञ्ज्याल, पुर्ण बहादुर बोगटी, कृष्ण बहादुर शाह, यम नारायण पोखरेल, अमर बहादुर कडायत गरी १० सदस्यीय उपसमिति गठन गरेको र पछि मिति २०६८।१०।२५ गतेको टीकापुर नगर विकास समितिको बोर्ड बैठकको निर्णय नं. ९ मा मिति २०६८।०२।०४ मा गठित उपसमितिमा थप गर्ने गरी विशराम चौधरी, मदन कुँवर र तारा सञ्ज्याल लाई समेत थप गरी १३ सदस्यीय उपसमिति गठन भई उक्त गठित उपसमितिका सदस्यहरु मध्येका कृष्ण बहादुर शाह, यम नारायण पोखरेल र विश्राम चौधरी बाहेकका अन्य सदस्यहरु उपस्थित उपसमितिको मिति २०६८।०५।०८ मा बसेको बैठकको निर्णय नं. १ मा दा.खा. प्रकृयाको काम कारबाही अगाडी बढाउने सम्बन्धमा छलफल गर्दा तपशिल बमोजिमका आवश्यक प्रमाण हेरी रित पुगेको भए दा.खा. कार्य अगाडी बढाउने निर्णय गरियो भनी सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि, टीकापुर विकास समितिले दिएको सक्कल घडेरी प्रमाणपत्र, घडेरी वापत जम्मा गरेको सक्कलै बैंक भौचर, घडेरी प्लटको सक्कलै असुली पुर्जा तोकादेशमा दिएको भए समितिले दिएको रकम बुझाउने पत्र, सम्बन्धित व्यक्तिको सक्कलै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गंगादेवी खड्का, दशरथ मण्डल, धौली देवी देवकोटा, प्रेम वहादुर स्वार, महानन्द अर्याल, लक्ष्मी प्रसाद जैशी, सरिता जैशी, पदम राज कठायतलाई जग्गा जफत सम्बन्धमा आरोपदावीबाट सफाई दिनेगरी फैसला भएको देखिन्छ।<br>• **अन्य प्रतिवादीहरु** भद्र वहादुर ठकुल्ला,जगत टमाटा, पार्वती जैशी, देव सरा जैशी, उर्मिला देवी खड्का, भिम वहादुर महर, खगेन्द्र प्रसाद उपाध्याय, जंग वहादुर नेपाली, अशोक परिहार, रंगि विष्ट, सुशिला शाह चन्द,लक्ष्मी शाह रोकाया, जनकलाल न्यौपाने, धनादेवी वन, लाल वहादुर रावल, गिता देवी रावल, डम्मरदेवी रावल, विमला देवी तिमिल्सिना, रुप दमाई, हर्क वहादुर वम, मोहनलाल जैशी, कमलादेवी न्यौपाने, भजन भण्डारी, जगत विक, राजेश्वरी देवी कुंवर, ईशरादेवी रावल, स्वेता भण्डारी जैसी, मदन शाह, सरु देवी कुंवर, पुर्ण वहादुर कुंवर, गोविन्द न्यौपाने, गंगा देवी ठकुल्ला, वैष्णवि साउद, आरती रावल र संकेत रावल, जलधारा कुमारी विष्ट, विवेक साउद, भक्त वहादुर थापा, मोती वहादुर वुढा, रेखा ठकुल्ला, लाल सिंह दमाई, सुर्जी देवी साउद, जगदिश टमाटा, लाल वहादुर शाहीको हकमाः निज प्रतिवादीहरुले आरोपित कसूरवाट सफाई पाउने ठहर गरि फैसला भएको देखिन्छ। न. प्रतिवादीहरु गणेश रावल, दिपेन्द्र वहादुर शाही, सागर चन्द, मथुरा देवी कडायत, विष्णु शाही, ईन्द्रा देवी भन्डारी, र धन वहादुर बमको हकमाः- निज प्रतिवादीहरु लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम बिगो असुल उपर हुन मागदावी लिईएकोमा शुरु विशेष अदालतबाट निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि फैसला भएको देखिन्छ।<br>• प्रस्तुत मुद्दामा आरोप पत्रको तालिका नं २९ मा उल्लेखित प्रतिवादीहरु मध्येका केशर बहादुर कुँवर र राजु आचार्यको हकमा निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय | | निवेदन, सम्बन्धित प्लटबाला व्यक्तिको मृत्यू भएको भए मृत्यूदर्ता प्रमाणपत्र, नाता प्रमाणित र गा.बि.स./न.पा.को सिफारिस लगायतका कागजात संलग्न राख्ने निर्णय गरेको देखिन्छ भने सोही मितिको निर्णय नं. २ मा दा.खा. सिफारिस उपसमितिले निर्धारण गरेको मापदण्ड पुगेका ५२ वटा फाईल लगायत अन्य फाईलहरु आवश्यक अध्ययन गरी दा.खा. गर्न बाँकी घडेरी प्लटहरु आगामी बैठकमा छलफल गरी दा.खा. प्रकृयाको लागि सिफारिस गर्ने निर्णय गरियो भनी निर्णय गरेको र सोही उपसमितिको मिति २०६८।१०।२९ को बैठकको निर्णय नं. १ मा माथि छलफल गर्दा तत्कालीन टीकापुर विकास समितिबाट गोला प्रथा, तोकादेश, टेण्डर प्रकृयामा बिक्री वितरण गरिएका घडेरी प्लटहरुको व्यक्तिले मूल्य र राजश्व वुझाई सकेका समितिले आफ्नो मूल्य र राजश्व असुल गरिसकेको देखिन आएका तल उल्लिखित निम्नानुसार फाईल दा.खा. उपसमितिले समेत अध्ययन गरी दा.खा. गर्न उपयुक्त ठानेको हुँदा दा.खा. अगाडी बढाउन यस समितिका अध्यक्ष ज्यू समक्ष अनुरोध गर्ने निर्णय सहित फाईलहरु सिफारिस गर्ने निर्णय गरियो भनी कौशिला देवी बुढा देखि महानन्द जोशी सम्म ७१ जना व्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले सिफारिस गर्ने निर्णय गरेको देखिन्छ भने उक्त उपसमितिको मिति २०६८।११।१० मा बसेको बैठकको निर्णयबाट सोही दा.खा. को सिफारिस सम्बन्धी निर्णय गरी साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, रकम बुझाएको रसिद लगायतका नक्कली कागजातहरु श्रृजना गरी गराई दा.खा.को लागि टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकार समक्ष प्रतिवेदन पेश गरी उक्त प्रतिवेदनमा पेश भएका मध्येका टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. १९ मा उल्लिखित क्षेत्रफल, मूल्य बराबरको जग्गा व्यक्तिहरुको नाममा दा.खा. गर्ने भनी तत्कालीन अध्यक्षबाट समेत तोकादेश गरी गराई समितिको जग्गा व्यक्ति विशेषको नाममा दा.खा./वितरण भएकोको तथ्य पुष्टि हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीहरुलाई आरोपित कसूरवाट सफाई हुने गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **प्रतिवादी झप्पर सिंह विश्वकर्माको हकमाः** टीकापुर नगर विकास समितिका तत्कालीन योजना प्रमुख झप्पर सिंह विश्वकर्माले टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा समितिको मिति २०६६।१२।१६ गतेको बैठकको निर्णयमा पुराना दा.खा.हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा बनेको ७ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरी उक्त उपसमितिहरुको बिभिन्न मितिमा बसेका बैठकहरुको छुट्टा/छुट्टै सिफारिससाथ संलग्न साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, समितिमा रकम बुझाएका रसिदहरु श्रृजना गरेको र उक्त कागजातहरु श्री राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट नमूना मिसिल (Control sample) सँग नभिडेको परीक्षण प्रतिवेदनबाट पुष्टि भएकोले समितिको घडेरी ब्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले श्रृजना गरिएका नक्कली घडेरी प्रमाणित पत्र लगायतका कागजातहरुमा तत्कालीन नगर विकास समितिका अध्यक्ष तथा उपसमितिका संयोजक एवम् सदस्यहरु र जग्गाधनीहरुसँग मिलेमतो गरी नक्कली कागजातहरुलाई बैधानिकता प्रदान गर्ने बदनियतकासाथ निज झप्पर सिंह विश्वकर्माले योजना प्रमुखको महलमा दस्तखत गरी टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. २१ बमोजिमको क्षेत्रफल, मूल्य वरावरको जग्गा सोही तालिका वमोजिमका व्यक्तिहरुका नाममा दा.खा./वितरण गर्ने कार्यमा प्रत्यक्ष भूमिका निर्वाह गरेको तथ्य पुष्टि हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई आरोपित कसूरवाट सफाई हुने गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **प्रतिवादी गणेश बहादुर बमको हकमाः** नापी कार्यालय टीकापुरका तत्कालीन नापी अधिकृत गणेश बहादुर बमले टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा टीकापुर नगर विकास समितिको मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नगरी निजहरुको नाममा आएको नगरविकास समितिको जग्गा जफत हुने मात्र ठहर गरि फैसला भएको देखिदा निज प्रतिवादी द्वयको हकमा पुनरावेदन गरिएको छ। सोही तालिका नं २९मा उल्लेखित प्रतिवादीहरु अरुणा के.सी समेतका प्रतिवादीहरु (७६ जना) अरुणा के.सी., अर्चना वम, अर्जुन प्रसाद कठायत, ईन्द्रा देवी भण्डारी, ईश्वरी कुंवर, कमल वहादुर धामी, कमलादेवी न्यौपाने, कलशा कुंवर, कोकिला भण्डारी, गणेश वहादुर खड्का, चक्र प्रसाद जैसी, चन्द्र प्रकास सोडारी, चेतराज जोशी, झपट सिंह वोहरा, टेक वहादुर रावल, डम्मर देवी कुंवर, तपेन्द्र वहादुर शाह, तर्कराज टमाटा, तारा कुमारी थापा, , तिलक वहादुर विष्ट, दल वहादुर विष्ट, दिपा ठकुल्ला, दुर्गा रावल, देनकला विष्ट, देवसरा भण्डारी, धन वहादुर बम, नन्दाराम धमला, नरेश कुमार खत्री, पदमराज कठायत, पदमराज जोशी, परमानन्द जोशी, पवित्रा जैशी, पशुपति रावल, पार्वती देवी भण्डारी, पुर्ण प्रसाद शर्मा, पुष्पा देवी रावल, प्रविण पौड्याल, प्रेम प्रसाद कठायत, भद्रा रोका क्षेत्री, भवानी प्रसाद जैशी, भवानी प्रसाद पण्डित, मणिराज देवकोटा, मदन कुमार भट्टराई, मान वहादुर कुंवर, मिनराज गिरी, मिना देवी थापामगर, मेदेनी रावल, रतन देवी रावल, रमेश खत्री, राम वहादुर कडायत, रेखा आचार्य, लक्षिराम रिमाल, लक्ष्मी देवी कुँवर, लाल वहादुर सांउद, लोगराज कठायत, विनिता न्यौपाने, शारदा देवी विष्ट, संगिता स्वार, सिद्दराज जैशी, सुनिता देवी रावल, सुर्य वहादुर रावल, हरी वहादुर कडायत, हिमा रावल, अशोक स्वाँर, आरती वम, ईश्वरी विश्वकर्मा, काशीलाल खत्री, दुर्गादिवी वुढा, नामसरा कुमारी शाही, वसुन्धरा कुंवर, भारती देवी कडायत, महादेव थारु, सुशिला हमाल, हर्क वहादुर विष्ट, विमा देवी कुंवर र लक्ष्मी प्रसाद जैसीलाई आरोप पत्र दावि बमोजिम जनही ३ महिना कैद र आ-आफ्नो जग्गाको विगो अनुरुप जरिबाना हुने एवं निजहरुको नाममा कायम जग्गा जफत भई टिकापुर विकास समितिको कायम हुने समेत ठहऱ्याई र जग्गा जफत भएका प्रतिवादीहरुको | | २०६८।०२।०४ गतेको बोर्ड बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन भई उक्त निर्णयबाट गठित उपसमितिको मिति २०६८।११।१० मा बसेको बैठकबाट निर्णयले सिफारिस भई उक्त सिफारिससाथ संलग्न साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, समितिमा रकम बुझाएका रसिदहरु श्रृजना गरेको र उक्त कागजातहरु श्री राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट नमूना मिसिल (Control sample) सँग नभिडेको परीक्षण प्रतिवेदनबाट पुष्टि भएकोले समितिको घडेरी व्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले श्रृजना गरिएका नक्कली घडेरी प्रमाणित पत्र लगायतका कागजातहरुमा तत्कालीन नगर विकास समितिका अध्यक्ष तथा उपसमितिका संयोजक एवम् सदस्यहरु र जग्गाधनीहरुसँग मिलेमतो गरी उक्त नक्कली कागजातहरु संलग्न राखी समितिको जग्गा व्यक्तिको नाममा दा.खा.को लागि समितिका अध्यक्ष तथा सदस्य सचिवले स्रेस्ता तयार गरिदिने भनी नापी टोलीलाई सम्बोधन गरी भएको तोकादेशको आधारमा उक्त दा.खा. एवम् स्रेस्ता पुर्जा तयार गरिदिनको लागि पेश भएका कागजातहरुको कुनै आधिकारिकता नबुझी हचुवाको भरमा प्लटहरुको क्रम संख्या समेत यकिन नगरी नापी अधिकृतको हैसियतमा स्रेस्ता प्रमाणित गरी उक्त नक्कली कागजातहरुको आधारमा टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको तालिका नं. २४ बमोजिमको क्षेत्रफल, मूल्य वरावरको जग्गा उक्त तालिका वमोजिमका व्यक्तिहरुका नाममा स्रेस्ता प्रमाणित गर्ने कार्यमा संलग्न रहेको तत्कालीन समयमा दा.खा. भएका जग्गाहरुको प्राप्त स्रेस्तामा रहेको स्रेस्ता प्रमाणित गर्नेको महलमा रहेको दस्तखत समेतबाट पुष्टि हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई आरोपित कसूरवाट सफाई हुने गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **प्रतिवादी धनीराम भण्डारीको हकमाः** साविकको टीकापुर विकास समितिका खरीदार तथा हाल टीकापुर नगर विकास समितिका करार सेवाका खरीदार धनीराम भण्डारीले आफु साविकको टीकापुर विकास समितिमा बि.सं. २०४० साल देखि बि.सं. २०६४ सालसम्म टीकापुर विकास समितिमा विभिन्न पदमा कार्यरत रही बि.सं. २०६५ सालमा टीकापुर नगर विकास समिति गठन भए पश्चात्देखि समितिमा करार सेवामा नियुक्त भई टीकापुर नगर विकास समितिका बैठकहरुमा समेत आमन्त्रित सदस्यको रुपमा उपस्थित भई जग्गा दा.खा. गर्ने वितरण गर्ने लगायतका समितिका निर्णय प्रकृयामा प्रत्यक्ष संलग्न रही निर्णयहरु समेत गरेको देखिएको । टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा रहेको टीकापुर नगर विकास समितिको मिति २०६६।१२।१६ गतेको बैठकमा पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा बनेको ७ सदस्यीय उपसमिति तथा टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा टीकापुर नगर विकास समितिको मिति २०६८।०२।०४ गतेको नगर बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गर्ने निर्णयमा निज खरीदार धनिराम भण्डारी सहभागी भई दस्तखत समेत गरेको उक्त निर्णयहरुबाट गठित उपसमितिहरुको बिभिन्न मितिमा बसेका बैठकहरुको छुट्टा/छुट्टै सिफारिससाथ संलग्न साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, समितिमा रकम बुझाएका रसिदहरु श्रृजना गरेको र उक्त कागजातहरु श्री राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट नमूना मिसिल (Control sample) सँग नभिडेको परीक्षण प्रतिवेदनबाट पुष्टि भएकोले समितिको घडेरी व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा ब्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जग्गा खरिद गर्दा तिरे बुझाएको रकम कानुनबमोजिम सम्बन्धित विक्रिकर्तासंग दावी गरी लिन पाउने गरि फैसला भएको देखिदा निजहरुको हकमा पुनरावेदन जिकिर लिई रहनु परेन।<br>• प्रस्तुत मुद्दाको आरोप पत्रको तालिका नं ३२ मा उल्लेखित प्रतिवादीहरु सावित्री देवी शर्मा, हिरा देवी नाथ, मिना वि.क., देवु कुमारी साउद, दान वहादुर विष्ट, यज्ञ वहादुर शाह, चन्द्रा भट्ट, भिम वहादुर महर, शोभा रावल, जलु देवी लुहार, ध्रुव वहादुर रावल, राजेश्वरी रावल, जनक विष्ट, यज्ञराज सिजाली मगर, वशुन्धरा जैशी, कमला भण्डारी, रुपा स्वार, दिपक वहादुर वोगटी, सरिता थापा, मिठ्ठु देवी भुल, प्रकाश शाह, पदम प्रसाद सापकोटा, देवु कुमारी साउद, मिना पाण्डे, कुन्ती देवी रावल, दुरा देवी साउद, लक्ष्मी देवी अधिकारी, मिना पाण्डे जि.सी,, वहादुर सिह वोहरा, दान वहादुर सिंह, सुनिता देवी विक, सुवर्ण उपाध्याय, खड्के भण्डारी, नुतन कुमारी थापा, भुमिसरा देवी खत्री, कमल साउद, वसन्ता भण्डारी, गोपाल वहादुर वम, कमला भट्टराई, लक्ष्मी विष्ट, उदय सिंह चलाउने, धौले साउद, विमला देवी भण्डारी, सुरेन्द्र शाह, दिल वहादुर शाह, सरिता थापा, नन्दा कुमारी साउद, विष्णु प्रसाद भट्टराई, जलु देवी जैसी, हर्क वहादुर वम, सरस्वती देवी कुंवर, मनकला राई, डम्वर साउद, कर्म चन्द्र रावल, महेन्द्र राज जोशी र झुमा देवी जैशी, बहादुरे विश्वकर्मा, ईन्द्रादेवी लुहार, कालु कुंवर, केशर वहादुर कठायत, गोमादेवी कुंवर, चक्र वहादुर कुँवर, टंक देवी कुवर, डण्ड प्रसाद न्यौपाने, तिल वहादुर वोहरा, नरपता रावल, सिद्द सिंह वुढा, ईन्द्र वहादुर कडायत, ऐश्वर्या रावल, कमलादेवी बम, कल्पना स्वार, गंग वहादुर विष्ट, गंगादेवी खड्का, दशरथ मण्डल, धौली देवी देवकोटा, प्रेम वहादुर स्वार, महानन्द अर्याल, लक्ष्मी प्रसाद जैशी, सरिता जैशी, पदम राज कठायतलाई समेत जना ८० को हकमा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जग्गाहरु जफतको दावी लिईएकोमा निज प्रतिवादीहरु आरोप दाबी वमोजिमको जग्गा जफत हुने ठहर गरि फैसला भएको देखिदा | | बदनियतले श्रृजना गरिएका नक्कली घडेरी प्रमाणित पत्र लगायतका कागजातहरु संलग्न राखी समितिको जग्गा व्यक्तिको नाममा दा.खा.को लागि अध्यक्ष समक्ष पेश हुँदा कतिपय घडेरी प्रमाणित पत्र, रकम असुली रसिद लगायतमा समेत निज धनिराम भण्डारीले दस्तखत गरेको र यसरी नक्कली घडेरी प्रमाणित पत्र तथा रकम असुली रसिद लगायतका कागजात संलग्न राखी दा.खा.को लागि पेश भएको दा.खा. निवेदनमा समेत निज धनिराम भण्डारीले सिफारिस गरी कार्यालयको अभिलेख समेत यकिन नगरी हचुवाको भरमा तालिका नं. २६ बमोजिमको क्षेत्रफल, वरावरको जग्गा उक्त तालिकामा उल्लिखित व्यक्तिहरुका नाममा दा.खा./कायम गराउने कार्यमा संलग्न रहेको नगर विकास समिति तथा मालपोत कार्यालयबाट प्राप्त निर्णय मिसिल तथा नगर विकास समितिका बोर्डका निर्णय लगायतका कागजातहरुबाट समेत पुष्टि हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई आरोपित कसूरवाट सफाई हुने गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **प्रतिवादी नेत्र बहादुर रावलको हकमाः** साविकको टीकापुर विकास समितिका सव ईन्जिनियर तथा टीकापुर विकास समितिमा विभिन्न पदमा कार्यरत रही टीकापुर विकास समिति विघटन भई टीकापुर नगर विकास समिति गठन भए पश्चात् बि.सं. २०६६ सालदेखि समितिमा करार सेवामा सव ईन्जिनियरको रुपमा नियुक्त भई टीकापुर नगर विकास समितिका बैठकहरुमा समेत आमन्त्रित सदस्यको रुपमा उपस्थित भई जग्गा दा.खा. गर्ने वितरण गर्ने लगायतका समितिका निर्णय प्रकृयामा प्रत्यक्ष संलग्न रही निर्णयहरु समेत गरेको देखिएको । टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्र प्रसाद जोशीको अध्यक्षतामा समितिको मिति २०६६।१२।१६ गतेको नेत्र प्रसाद जोशीको अध्यक्षतामा बसेको नगर विकास समितिको बैठकमा पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा बनेको ७ सदस्यीय उपसमिति तथा टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा टीकापुर नगर विकास समितिको मिति २०६८।०२।०४ गतेको नगर बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गर्ने निर्णयमा निज सब-ईन्जिनियर नेत्र बहादुर रावल सहभागी भई दस्तखत समेत गरेको उक्त निर्णयहरुबाट गठित उपसमितिहरुको बिभिन्न मितिमा बसेका बैठकहरुको छुट्टा/छुट्टै सिफारिससाथ संलग्न साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, समितिमा रकम बुझाएका रसिदहरु श्रृजना गरेको र उक्त कागजातहरु श्री राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट नमूना मिसिल (Control sample) सँग नभिडेको परीक्षण प्रतिवेदनबाट पुष्टि भएकोले समितिको घडेरी ब्यक्ति विशेषको नाममा दा.खा. वितरण गरी गैह्र कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले श्रृजना गरिएका नक्कली घडेरी प्रमाणित पत्र लगायतका कागजातहरु संलग्न राखी समितिको जग्गा व्यक्तिको नाममा दा.खा.को लागि अध्यक्ष समक्ष पेश हुँदा कतिपय घडेरी प्रमाणित पत्र, रकम असुली रसिद लगायतमा समेत निज नेत्र बहादुर रावलले दस्तखत गरेको र यसरी नक्कली घडेरी प्रमाणित पत्र तथा रकम असुली रसिद लगायतका कागजात संलग्न राखी दा.खा.को लागि पेश भएको दा.खा. निवेदनमा समेत निज नेत्र बहादुर रावलले सिफारिस गरेको, नक्कली कागजात आधारमा शुरु तहमा अन्य व्यक्तिको नाममा जग्गा लिएको देखाई पछि अर्कै व्यक्तिको नाममा दा.खा. गर्ने उद्देश्यका साथ श्रृजना भएका प्लट नामसारी सम्बन्धी घडेरी प्रमाणित पत्र लगायतका कागजातहरु सिफारिस गरेको उक्त नक्कली घडेरी प्रमाणित पत्र लगायतका कागजातहरुको दर्ता तथा चलानी लगायतका कार्य समेत निज नेत्र बहादुर रावलले गरी कार्यालयको अभिलेख समेत यकिन नगरी हचुवाको भरमा व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा तालिका नं. २७ बमोजिमको क्षेत्रफल, मूल्य वरावरको जग्गा उक्त तालिकामा उल्लिखित व्यक्तिहरुका नाममा दा.खा./कायम गराउने कार्यमा प्रत्यक्ष भूमिका निर्वाह गरेको भन्ने नगर विकास समिति तथा मालपोत कार्यालयबाट प्राप्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निजहरुको हकमा समेत पुनराबेदन जिकिर लिई रहनु परेन। | | निर्णय मिसिल तथा नगर विकास समितिका बोर्डका निर्णय लगायतका कागजातहरुबाट समेत पुष्टि हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई आरोपित कसूरवाट सफाई हुने गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **प्रतिवादी देवीलाल घिमिरेको हकमाः** साविकको टीकापुर विकास समितिका तत्कालीन फिल्ड सुपरभाईजर देवीलाल घिमिरेले साविकको टीकापुर विकास समितिको नामका नक्कली घडेरी प्रमाणित पत्रहरुमा जग्गाको असुली रसिद खिचेको भनी प्रमाणित गरी उक्त असुली पुर्जामा उल्लिखीत रकम समेत बैंक दाखिला भएको नदेखिएको तथा सम्बन्धित बैंकहरुबाट समेत उक्त रकम उल्लिखित मिति, नाममा जम्मा भएको अभिलेख नदेखिएको भनी प्राप्त भएको घडेरी प्लटको असुली पुर्जा रसिद जारी भएको मिति तथा रसिद नं. को क्रम संख्या समेत नमिल्ने रसिद नम्वरहरु राखी उक्त रसिद खिचेको भनी घडेरी प्रमाणित पत्रमा दस्तखत गरेको र निजले दस्तखत गरेको उक्त घडेरी प्रमाणित पत्र समेत विधिविज्ञान प्रयोगशालाबाट नमूना मिसिल(Control sample) सँग नभिडेको भनी परीक्षण प्रतिवेदनबाट पुष्टि भएको र निजले उक्त रसिद खिचेको भनी घडेरी प्रमाणित पत्रमा प्रमाणित गरेकै आधारमा पछि सो टीकापुर नगर विकास समितिको जग्गा उपसमिति मार्फत तत्कालीन अध्यक्षहरुको तोकादेशबाट व्यक्ति विशेषको नाममा गएको टीकापुर नगर विकास समितिबाट प्राप्त कागजातहरुबाट देखिएको र उक्त दस्तखत समेत निजले बयानको क्रममा मेरै हो भनी सनाखत समेत गरेको हुँदा निजले उक्त नक्कली कागजातलाई बैधानिकता प्रदान गरी टीकापुर नगर विकास समितिको तालिका नं. २८ मा उल्लिखित क्षेत्रफल, कित्ता नं. र मूल्य बराबरको जग्गा व्यक्ति विशेषको नाममा दा.खा./वितरण गर्ने कार्यमा प्रत्यक्ष भूमिका निर्वाह गरेको सप्रमाण पुष्टी हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीलाई आरोपित कसूरवाट सफाई हुने गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।<br>• **टिकापुर नगर विकास समितिको जग्गा नक्कली कागजातहरुको आधारमा प्रथम तहमा आफ्नो नाममा कायम गराउने प्रथम तहका जग्गाधनीहरु प्रतिवादीहरु दिलिप कुमार हमाल समेतका (४१ जना) प्रतिवादीहरुको हकमाः** प्रतिवादीहरु दिलिप कुमार हमाल, रमेश रावल, गौरी देवी शाही, गिरी रावल, नित्यानन्द जैसी, रुक्विणा देवी शाह, कुलो वहादुर थारु, गोपाल सिंह रावल, चन्द्रा न्यौपाने र उदयराम अधिकारी, जयश्री देवि विष्ट, जलु कुमारी टमाटा, तारा प्रसाद धमला, देवु रावल, मञ्जु देवी रावल, महानन्द जोशी, राजकुमारी मण्डल, राम प्यारी रावल, राम वहादुर आले, वर्षा देवी निरौला, शिव प्रसाद न्यौपाने, शुला रावल, ईन्द्र वहादुर कडायत, ऐश्वर्या रावल, कमलादेवी बम, कल्पना स्वाँर, गंग वहादुर विष्ट, गंगादेवी खड्का, दशरथ मण्डल, धौली देवी देवकोटा, प्रेम वहादुर स्वाँर, महानन्द अर्जेल अर्याल, लक्ष्मी प्रसाद जैशी, सरिता जैशी, पदम राज कठायत, बिर्ख बहादुर रावल, सत्य देवी स्वाँर, चन्द्रा कठायत, बैजन्ती देवि कुँवर,केशर बहादुर कुँवर, र राजु आचार्य समेतले टीकापुर नगर विकास समितिको जग्गा प्रथम तहमा आफ्नो नाममा कायम गराउने प्रथम तहका जग्गाधनीहरुले समितिको जग्गा दा.खा. वितरण गर्दा नगर विकास ऐन, २०४५ तथा नगर विकास निर्देशिका, २०६१ मा उल्लिखित विधि, प्रक्रिया तथा कार्यविधि अवलम्वन गर्नु पर्नेमा समितिको मिति २०६६।१२।१६ को नेत्र प्रसाद जोशीको अध्यक्षताको बैठकमा पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा ७ सदस्यीय उपसमिति तथा अध्यक्ष ललित ताम्राकारको अध्यक्षताको मिति २०६८।०२।०४ गतेको बैठकको निर्णयमा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गरी उक्त ऐन तथा निर्देशिकाको व्यवस्था विपरित उपसमितिहरुका संयोजक तथा सदस्यहरु, टीकापुर नगर विकास समितिका अध्यक्षहरु एवम् कर्मचारीहरु र प्रथम तहमा जग्गा प्राप्त गर्ने जग्गाधनीहरुबीच एकआपसमा मिलेमतो गरी साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत |

हुनेगरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, समितिमा रकम बुझाएका रसिदहरु श्रृजना गरी गराई उक्त कागजातहरुकै आधारमा उपसमिति मार्फत समितिका घडेरी/प्लटहरु दा.खा.को लागि सिफारिस गरी गराई आफ्नो नाममा प्रथम तहमा दा.खा. गराई दर्ताश्रेष्तासमेत कायम गराई गैह कानुनी लाभ लिई समितिलाई हानी नोक्सानी पुर्याई भ्रष्टाचारजन्य कसूरमा मतियारको भूमिका निर्वाह गरेको नगर विकास समितिबाट प्राप्त निर्णय, जग्गाका निर्णय मिसिल तथा सोसाथ संलग्न कागजातहरु, विधिविज्ञान प्रयोगशाला, शाखा कार्यालय, धनगढीको परीक्षण प्रतिवेदनसमेतबाट पुष्टी हुन आएको देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीहरुलाई आरोपित कसूरवाट सफाई हुने गरि भएको फैसला प्रमाण मुल्यांकन र विश्लेषणको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।

- **प्रतिवादीहरु गणेश सिंह रावल(समितिका पदाधिकारी), दिपेन्द्र वहादुर शाही, सागर चन्द, मथुरा देवी कडायत, विष्णु शाही, ईन्द्रा देवी भन्डारी, र धन वहादुर बमको हकमाः** निज प्रतिवादीहरु गणेश सिंह रावल, दिपेन्द्र वहादुर शाही, सागर चन्द, मथुरा देवी कडायत, विष्णु शाही, ईन्द्रा देवी भन्डारी, र धन वहादुर बम टीकापुर नगर विकास समितिबाट गैह कानुनी तवरले प्रथम तहमा आफ्नो नाममा जग्गा कायम गराएका प्रथम तहका जग्गाधनीहरुको हकवाला भएकोले निजहरुको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) तथा ऐ. ऐनको दफा ९ बमोजिमको कसुरको मतियारको कसुर गरेको देखिएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिम कसूरमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश/व्यवस्था भए वमोजिम मुख्य कसुरदारलाई भए सरहकै बिगो तथा कैद सजायको मागदाबी लिई आरोप पत्र दायर भएकोमा उक्त टीकापुर नगर विकास समितिको जग्गा प्रथम तहमा आफ्नो नाममा दा.खा. गराउने मध्येका आरोप पत्रको तालिका नं. ३० मा उल्लिखित जग्गाधनीहरुका हकवालाबाट बयानको क्रममा निजहरु शुरु जग्गा दर्ता गराउने व्यक्तिहरुको मृत्यू भएको भनी खुलाई मृत्यूदर्ता प्रमाणपत्र समेत पेश गरिएको निजहरुले प्रथम तहमा आफ्नो नाममा कायम गराएको जग्गाको हकमा निजहरुको मृत्यू भैसकेको देखिँदा अपराधी सँगै अपराध पनि मर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तको साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) सहितको कानुनी व्यवस्था बमोजिम निजहरुलाई कैद र जरिवाना हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मृत्यू भएका व्यक्तिहरुको हकमा समेत हकवालाबाट सरकारी वा निजि बिगो क्षतिपुर्ति वा बिगो रकम भराउन सक्ने कानुनी व्यवस्था रहेकोले उल्लिखित प्रतिवादीहरुको हकमा प्रचलित कानून बमोजिम निजको एकासगोलका अंसियारहरु एवम् निजका हकवालाहरुबाट बिगो असुलउपर गर्ने प्रयोजनका लागि मागदावी लिईएकोमा उक्त कानूनी व्यवस्थालाई नजरअन्दाज गरि निज प्रतिवादीहरुलाई आरोपित कसूरवाट सफाई हुने ठहर गरि भएको फैसला कानूनी व्यवस्था र सोको विधायकीय मनसायको ब्याख्याको रोहमा त्रुटिपुर्ण हुदाँ उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरि पाउँ।
- **प्रतिवादीहरु ईन्द्र वहादुर कडायत, कुलो बहादुर थारु, मञ्जु देवी रावल, सरिता जैशी, पदम राज कठायत,भद्र वहादुर ठकुल्ला,जगत टमाटा, पार्वती जैशी, देव सरा जैशी, उर्मिला देवी खड्का, खगेन्द्र प्रसाद उपाध्याय, जंग वहादुर नेपाली, अशोक परिहार, रंगि विष्ट, सुशिला शाह चन्द,लक्ष्मी शाह रोकाया, जनकलाल न्यौपाने, धनादेवी वन, लाल वहादुर रावल, गिता देवी रावल, डम्मरदेवी रावल, विमला देवी तिमिल्सिना, रुप दमाई, भिम बहादुर महर, मोहनलाल जैशी, कमलादेवी न्यौपाने, भजन भण्डारी, जगत विक, राजेश्वरी देवी कुंवर, ईशरादेवी रावल, स्वेता भण्डारी जैसी, मदन शाह, सरु देवी कुंवर, पुर्ण वहादुर कुंवर, गोविन्द न्यौपाने, गंगा देवी ठकुल्ला, वैष्णवि साउद, आरती रावल र संकेत रावल, जलधारा कुमारी विष्ट, विवेक साउद, भक्त वहादुर थापा, मोती वहादुर वुढा, रेखा ठकुल्ला, लाल सिंह दमाई, सुर्जी देवी साउद, जगदिश टमाटा, लाल वहादुर शाही हकमाः-** टीकापुर नगर विकास समितिबाट जग्गा वितरण गर्दा नगर विकास ऐन, २०४५ तथा नगर विकास निर्देशिका, २०६१ मा एवम् नगर विकास समितिबाट कुनै कार्यविधि निर्माण गरेको भए सोको आधारमा वा समितिको बोर्ड बैठकको निर्णयबाट वितरण/दा.खा. गर्नु पर्नेमा सोको विपरित वदनियत राखी नगर विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुसँगको व्यक्तिगत स्वार्थ र सम्बन्धसमेतको आधारमा जग्गा प्राप्त गर्ने उद्देश्यकासाथ नगर विकास समितिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मिति २०६६।१२।१६ गतेको नेत्र प्रसाद जोशीको अध्यक्षतामा बसेको नगर विकास समितिको बैठकमा पुराना दा.खा. हुन बाँकी रहेका जग्गाहरु दा.खा. गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिमको उपसमिति गठन गर्ने तथा उक्त उपसमितिले प्रकृया पुगेका व्यक्तिहरुलाई सिफारिस गरी जग्गाधनी पुर्जा उपलब्ध गराउन राय सहितको टीकापुर नगर विकास समितिका अध्यक्ष ज्यू समक्ष पेश गर्ने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य गणेश सिंह रावलको संयोजकत्वमा बनेको ७ सदस्यीय उपसमिति तथा टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्ष ललित ताम्राकारको अध्यक्षतामा टीकापुर नगर विकास समितिको मिति २०६८।०२।०४ गतेको नगर बैठकको निर्णय नं. १० मा तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएकाहरुलाई जग्गा दा.खा. गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी सो समितिको सिफारिसमा दा.खा. प्रकृया अगाडी बढाउने निर्णय गरियो भनी तत्कालीन बोर्ड सदस्य प्रेम सिंह वि.क. को संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गर्ने निर्णय बमोजिम गठित उपसमितिहरुका संयोजक तथा सदस्यहरु, नगर विकास समितिका पदाधिकारीहरु एवम् कर्मचारी लगायतसँग प्रथम तहमा व्यक्ति विशेषको नाममा समितिको जग्गा कायम गराउने व्यक्तिहरु समेतको मिलेमतोमा साविकको टीकापुर विकास समितिको नामका पुरानो मितिमा जारी भएका भनी नक्कली घडेरी प्लट असुली रसिद, घडेरी प्रमाणित पत्र लगायतका कगाजातहरु श्रृजना गरी समिति मार्फत दा.खा./वितरणको लागि सिफारिस भई समितिका तत्कालीन अध्यक्षहरुको तोकादेश बमोजिम प्रथम तहमा व्यक्ति विशेषको नाममा दा.खा.गराई दर्ता स्रेस्ता समेत कायम गरेपछि उक्त जग्गाहरु विभिन्न मितिमा क्रमशः सुक्रीबिक्री गर्दै आई हाल खरिद गरी भोग चलनमा रहेको मालपोत कार्यालय, टीकापुर, नगर विकास समिति टीकापुर तथा नापी कार्यालय, टीकापुरबाट प्राप्त पत्रसाथ संलग्न कागजातबाट पुष्टि हुन आएका हाल कायम तालिका नं. ३२ बमोजिमका जग्गाप्राप्त गर्ने व्यक्तिहरुको हकमा निज व्यक्तिहरुले उक्त जग्गा सोझै नगर विकास समितिबाट खरिद गरेको नभई विभिन्न तह हुँदै पछिल्लो समय कायम रहेका व्यक्तिहरुबाट खरिद गर्दा बैधानिक निकायबाट बिक्री भई व्यक्तिहरुले प्राप्त गरेको र आफुले उक्त जग्गा खरिद गर्दा जग्गाको तोकिएको मूल्य तथा राजश्व समेत तिरेर खरिद गरेको, सो जग्गाहरु निज प्रथम तहमा प्राप्त गर्ने व्यक्तिहरुले के कुन विधि र प्रक्रियाबाट प्राप्त गरेको भन्ने कुनै जानकारी नभएको भन्ने व्यहोराको निजहरुले आयोगसमक्ष गरेको बयान कागजबाट देखिएकोमा निजहरुको नाममा हाल कायम रहेको जग्गा गैह्र कानुनी तवरले नगर समितिबाट व्यक्ति विशेषको नाममा गई हाल उक्त जग्गा निजहरुको भोग तथा स्वामित्वमा रहेको देखिँदा निजहरुको भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूर अपराधमा कुनै संलग्नता नभएकोले सजायको मागदावी नगरी उक्त गैह्र कानुनी तवरबाट व्यक्ति विशेषको नाममा कायम भई हाल कायम रहेको साविकको नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा कानून वमोजिम जफत गरी नगर विकास समितिकै नाममा यथावत कायम गर्ने प्रयोजनार्थ मात्र निजहरुलाई प्रतिवादी कायम गर्नु पर्ने देखिएकोले साविकमा नगर विकास समितिको स्वामित्वमा रही हाल व्यक्ति विशेषको नाममा रहेको आरोप पत्रको तालिका नं. ३२मा उल्लेखित जग्गाको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ वमोजिम जफत गरी नगर विकास समितिको नाममा कायम हुने गरी मागदावी लिई आरोप पत्र दायर भएकोमा विशेष अदालतबाट फैसला हुदाँ नगरविकास समितिको जग्गा अनियमित तवरवाट बिक्री वितरण गरि भ्रष्टाचारजन्य कसूर भएको तथ्य स्थापित गरि भई सकेको अवस्थामा दावीको उक्त जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ वमोजिम जफत गर्नु पर्नेमा सो अनुसार जफत नगरी भएको फैसला बदर गरी यि प्रतिवादीहरुको नाममा आएको नगरविकास समितिको आरोप पत्रमा मागदावी गरिएको जग्गा जफत गरि पाउन अनुरोध छ।<br>• **अतः** माथि विवेचित आधार, कारण तथ्य एवम् प्रमाण कागजातहरुबाट टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेका सरकारी सार्वजनिक प्रकृतिको जग्गा व्यक्ति विशेष तथा संघ/संस्थाहरुलाई वितरण गरी हक हस्तान्तरण गर्दा नगर विकास ऐन, २०४५ तथा नगर विकास निर्देशिका, २०६१ मा भएको व्यवस्था वमोजिम उपलब्ध गराउनु पर्नेमा सो नगरी आरोप पत्रको प्रतिवादी महलमा उल्लेखित नगर विकास समितिका पदाधिकारी तथा कर्मचारीहरु समेतको संलग्नतामा तत्कालीन प्रथम तहमा जग्गा लिने व्यक्तिहरुसँग मिलेमतो गरी व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा साविकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातहरु जस्तै प्रतीत हुनेगरी पुरानो मितिका नक्कली कागजातहरु खडा गरी समितिको जग्गा व्यक्तिको नाममा हक हस्तान्तरण गरेको तथ्य टीकापुर नगर विकास समितिको पत्र, नगर विकास |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समितिका निर्णय, जग्गाधनी दर्ता स्रेस्ताहरु, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला शाखा कार्यालय धनगढीको परीक्षण प्रतिवेदनसाथ संलग्न पत्रहरु, शहरी विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौको पत्र, मालपोत कार्यालय टीकापुरबाट प्राप्त निर्णय मिसिलहरु र प्रतिवादीहरुको बयान समेतका कागज प्रमाणहरु पुष्टी भएको देखिदा देखिदै उक्त प्रमाणहरुको सुक्ष्म विवेचना नगरि विशेष अदालतबाट उपरोक्त अनुसार केही प्रतिवादीहरुलाई आंशिक कैद तथा जरिबाना हुने र केही प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको उक्त फैसला बदर गरि प्रस्तुत पुनरावेदन पत्रको प्रतिवादी महलमा उल्लेखित प्रतिवादीहरु नगर विकास समितिका तत्कालिन पदाधिकारी, कर्मचारीहरु तथा प्रथम तहमा समितिको जग्गा आफ्नो नाममा कायम गर्ने गराउने जग्गाधनी तथा सो जग्गा तहगत सुक्रिबिक्री हुँदै हाल कायम जग्गाधनीहरु समेत उपर आरोप पत्र दावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ। |